का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ असार २०८०,
मंगलबार
11 July 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २१, अंक १६६ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## शीर्ष सहमतिमा हट्यो गतिरोध

विवादास्पद अभिव्यक्तिप्रति प्रधानमन्त्री प्रचण्डले आत्मालोचना गरेपछि संसद् अवरोधको अडानबाट विपक्षी दलहरु पछि हटेका छन् । प्रमुख प्रतिपक्षी एमालेले प्रधानमन्त्रीको राजीनामा मागेर संसद चल्न दिएको थिएन ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ असार ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विवादास्पद अभिव्यक्तिप्रति प्रतिनिधिसभा बैठकमा आत्मालोचना गरेका छन् । शीर्ष नेताहरुबीच जुटेको सहमति अनुसार, प्रधानमन्त्री प्रचण्डले प्रतिनिधिसभा बैठकमा विवादास्पद अभिव्यक्तिप्रति आत्मालोचना गरेका हुन् ।

> तीन नेताबीच सहमति जुटेपछि प्रतिनिधिसभा बैठकमा त्यसको औपचारिक प्रक्रिया पूरा गरियो ।

गत १८ असारमा सरदार प्रितम सिंहको पुस्तक विमोचनका क्रममा प्रधानमन्त्री प्रचण्डले दिएको अभिव्यक्ति विवादित बनेको थियो । त्यसदिन प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाउन प्रितम सिंह धेरैपटक दिल्ली गएको र काठमाडौंमा नेताहरुसँग कुराकानी गरेका बताएका थिए । प्रधानमन्त्री प्रचण्डको यस्तो अभिव्यक्तिपछि प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले राजीनामा मागेका थिए ।

२० असारको प्रतिनिधिसभा बैठकमा एमाले सांसद रघुजी पन्तले प्रधानमन्त्री प्रचण्डले राजीनामा नगरेसम्म संसद् चल्न नदिने अडान लिएका थिए । एमालेले प्रधानमन्त्रीको राजीनामा मागेपछि संसद् बैठक अवरुद्ध हुँदै आएको थियो ।

तर सोमबार प्रधानमन्त्री प्रचण्डले एमाले अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग सम्वाद गरेपछि संसद्को गतिरोध हटेको हो । तीन शीर्ष नेताहरुको सम्वाद बमोजिम सोमबारको बैठकमा प्रचण्डले आफ्नो अभिव्यक्तिप्रति आत्मालोचना गरेका थिए ।

'..सबैलाई थाहा छ, म सेन्टिमेन्टल छु । यति त प्रचण्ड भयो अब गर्नु हुन्छ के ? थोरै भावनामा आएँ । मैले त्यो नभनेको भए हुन्थ्यो, तर मनमा आयो, मैले भनेँ' प्रधानमन्त्री प्रचण्डले भनेका थिए । स्पष्टिकरणका >>> पृष्ठ २ मा

नक्कली भुटानी शरणार्थी प्रकरण

## आरजुको आपत्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असार ।



नेपाली कांग्रेसकी सांसद आरजु राणाले नक्कली भुटानी शरणार्थी प्रकरणमा आफूलाई रकम दिइएको भन्ने अडियो योजनाबद्ध रुपमा रेकर्ड गरिएको बताएकी छन् ।

सोमबार प्रतिनिधिसभा बैठकपछि सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै सांसद राणाले आफूलाई रकम दिइएको कुरा अडियोमा योजनाबद्ध रुपमा रेकर्ड गरिएको बताएकी हुन् ।

आरोपितहरुले अदालतमा दिएको बयानमा समेत योजनाबद्ध रुपमा रेकर्ड गरेको उल्लेख रहेको भन्दै उनले आफुलाई फसाउने गलत नियतले अडियो बाहिर ल्याइएको बताइन् । उनले नेपाल प्रहरीले तथ्यहीन अडियोलाई प्रेसमा ल्याएको भन्दै असन्तुष्टि व्यक्त गरिन् ।

सांसद राणाले अमरेशकुमार सिंहविरुद्ध आफूले मानहानिको मुद्दा दर्ता गराएको प्रसंग निकाल्दै आफूमाथि लगाइएको आरोपहरु पुष्टि गर्न चुनौती समेत दिइन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा आरजु राणा देउवालाई रकम बुझाएको भन्नेसम्बन्धी अडियो परीक्षण गर्दा उक्त अडियो यही प्रकरणमा संलग्न दाङका सन्देश शर्माको आवाजसँग मिलेको प्रहरीले बताइसकेको छ । शर्माले राणालाई पैसा बुझाएको भनेका थिए ।

उक्त अडियो बाहिर आएपछि राणाले नक्कली अडियो भएको र यसबारे जाँच गर्न भन्दै प्रहरीमा गत वैशाख २७ गते उजुरी दिएकी थिइन् । उक्त उजुरीका आधारमा परीक्षण गर्दा अडियो शर्माको आवाजसँग मेल खाएको प्रहरीले जनाएको छ । प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले आइतबार उजुरीमाथि भएको छानबिनको प्रगतिबारे जानकारी गराएका छन् ।

'मा. डा. आरजु राणा देउवाले सामाजिक सञ्जालको माध्यमबाट सार्वजनिक अडियोका सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, साइबर ब्यूरो भोटाहिटीमा मिति २०८०/०१/०२ गते प्राप्त निवेदनका हकमा परीक्षण गर्दा 'स्पिकर्स आइडेन्टिफिकेसन ट्रेइट्स म्याच' भनी भनी उल्लेख भएको जुन स्वर (भ्वाइस ) जिल्ला प्रहरी परिसर टेकु काठमाडौंमा ठगी तथा संगठित अपराध कसुर मुद्दा अनुसन्धानमा रहेका तुल्सीपुर उपमहानगर पालिका १६ दाङ घर भएका वर्ष ३४ को सन्देश शर्माको ' कन्ट्रोल स्याम्पल' सँग मेल खाएको', कडायतले दिएको जानकारीमा छ ।

अगाडि उल्लेख गरिएको छ, 'कहाँ र कसबाट 'ओरिजिनेट' भएको भन्ने सम्बन्धमा 'टिकटक' सिंगापुरलाई पत्राचार भएकोमा थप विवरण प्राप्त हुन नसकेको, निज सन्देश शर्माको सम्बन्धमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट ठगी तथा संगठित अपराध कसुर मुद्दा चली सम्मानित जिल्ला अदालतमा कारबाहीको क्रममा रहेकोले निज सन्देश शर्मासँग सम्बन्धित थप विवरण सम्मानित अदालतबाट उपलब्ध हुने व्यहोरा जानकारी गराइएको छ ।'

सांसद देउवाले नक्कली भुटानी शरणार्थी प्रकरणमा आफ्नो नाम जोडर आएको >>> पृष्ठ २ मा

## गल्ती देखियो, दोषी भेटिएन

मिटरब्याजसम्बन्धी अध्यादेश निष्कृय भएको भनी प्रश्न उठिरहेका बेला प्रतिनिधिसभामा अध्यादेश प्रतिस्थापन गर्न बनेको विधेयक पास गर्न सबै राजनीतिक दलहरु सकारात्मक देखिएका छन् ।



मिटरब्याजी पक्षमा एमाले रह्यो भनेर स्वकीय सचिवालयका तर्फबाट वक्तव्य जारी गरेर आरोप लगाउन पाइन्छ ? एमाले मिटरब्याज पीडितको पक्षमा छ ।

● **गोकुलप्रसाद बास्कोटा**
सांसद, एमाले



रास्वपा मिटरब्याज पीडितहरुको पक्षमा छ । प्रतिस्थापन विधेयक ल्याए साथ दिन तयार छौं ।

● **रवि लामिछाने**
सभापति, रास्वपा



सबै दलका नेताहरुले मिटरब्याज पीडितका पक्षमा छौं भनेर दृढताका साथ भन्नुभएको छ । अब यो पास भयो भन्ने कुरामा म खुसी व्यक्त गर्न चाहन्छु ।

● **प्रचण्ड**
प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ असार ।

मिटरब्याज पीडितहरुको कानुनको माग गर्दै सडक आन्दोलनमा छन् । सरकारले यसअघि ल्याएको मिटरब्याज सम्बन्धी अध्यादेश निष्कृय भएपछि पीडितहरु आन्दोलित भएका हुन् ।

यही बेला प्रतिनिधिसभामा अध्यादेश प्रतिस्थापन गर्न बनेको विधेयक पास गर्न सबै राजनीतिक दलहरु सकारात्मक देखिएका छन् । सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै प्रधानमन्त्री प्रचण्डले मिटरब्याजसम्बन्धी विधेयकका सन्दर्भमा संसदमा सर्वसम्मति रहेको आफूले पाएको बताए । त्यसका निम्ति प्रधानमन्त्री प्रचण्डले प्रतिपक्षी दलहरुलाई धन्यवाद पनि दिए ।




'मलाई खुसी पनि लागेको छ, प्रमुख प्रतिपक्षदेखि प्रतिपक्ष सबै दलका नेताहरुले हामी सबै मिटरब्याज पीडितका पक्षमा छौं भनेर दृढताका साथ भन्नुभएको छ । अब यो पास भयो भन्ने कुरामा म खुसी व्यक्त गर्न चाहन्छु' प्रधानमन्त्री प्रचण्डले भनेका छन् ।

त्यसअघि एमाले सांसद गोकुल प्रसाद बास्कोटाले आफूहरुले प्रधानमन्त्रीको अभिव्यक्तिमाथि प्रश्न उठाएर संसद अवरोध गर्दा सत्तापक्षका तर्फबाट मिटरब्याजीको पक्षमा लागेको रुपमा प्रचार भएको भन्दै असन्तुष्टि राखेका थिए ।

'मिटरब्याजी पक्षमा नेकपा एमाले रह्यो भनेर स्वकीय सचिवालयका तर्फबाट बक्तव्य जारी गरेर आरोप लगाउन पाइन्छ ?' एमाले सांसद बास्कोटाको प्रश्न थियो । उनले अगाडि भनेका छन्, 'एमाले मिटरब्याज पीडितको पक्षमा छ ।'

प्रधानमन्त्रीको राजीनामा माग गर्दै संसद अवरोध भएपछि प्रधानमन्त्री प्रचण्डका प्रेस सल्लाहाकारले प्रेस नोट जारी गर्दै ' प्रमुख प्रतिपक्षी दलले नियोजित रुपमा संसद अवरोध गर्दा मिटरब्याजीहरूलाई कार्वाही गर्न ल्याइएको विधेयक >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### सबै म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण हुन्छ : मन्त्री भण्डारी

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २५ असार


श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वार्षिक सय जना कामदार पठाउन नपाएका सबै म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण हुने प्रष्ट पारेका छन् । सोमबार साँझ मध्यान्ह दैनिकसँगको विशेष कुराकानीमा मन्त्री भण्डारीले व्यवसायीको इजाजतपत्र नवीकरणका लागि वार्षिकरूपमा सय जना कामदार पठाउनुपर्ने मान्यता गलत भएको निष्कर्ष निकाली त्यसलाई खारेज गर्न सरकारले विधेयक नै तर्जुमा गरेको अवस्थामा सय संख्या नपुगेको कारणले इजाजतपत्र नवीकरण नहुने



अवस्था नआउने बताए ।

मन्त्री भण्डारीले भने, 'वैदेशिक रोजगार ऐनमा सय संख्याको प्रावधान हटाएर संशोधन गर्न विधेयक संसदमा गएको छ । विधेयक पारित भएमा त्यो व्यवस्था सधैंका लागि हट्ने छ । समय अभावका कारणले संसदबाट विधेयक पारित भएन भने अघिल्ला चार आर्थिक वर्षजस्तै म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न मन्त्रिपरिषद्ले >>> पृष्ठ २ मा

### जवाफ माग्दा अध्यागमनका महानिर्देशक भड्किए



**काठमाडौं/मस–** आफ्नो सिधै गृहमन्त्रीसंग संवन्ध र पहुँच भएको बताउने अध्यागमन विभागका महानिर्देशक झलकराम अधिकारीले सबै प्रक्रिया पूरा गरी वैदेशिक रोजगारका लागि जोर्डन जान लागेका कामदार फर्काउने अनुचित निर्णय गर्ने कर्मचारीको बचाउ गरेका छन् । सबै प्रक्रिया पूरा गरी आइतबार जोर्डनको प्रतिष्ठित बहुराष्ट्रिय कम्पनी मास क्रेडा अल सफीमा जान लागेका १५ जना नेपाली कामदारलाई त्रिभुवन >>> पृष्ठ २ मा

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएकाहरू मध्ये केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम अझै नबुझाउनु भएकोले यही **मिति २०८० असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने केही विज्ञापन एजेन्सी/कम्पनी/संस्था/व्यक्तिहरुको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानूनबमोजिम कारबाही अगाडी बढाइने व्यहोरासमेत यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
मध्यान्ह
राष्ट्रिय दैनिक
कमलपोखरी, काठमाडौं । फोन नं.: ०१-५३२८२९८, ५३२६३६६
**Email: madhyanhadaily59@gmail.com**
**ad.madhyanha@gmail.com**

स्वास्थ्यमन्त्री बस्नेतको दुई महिना

# निःशुल्क बेडदेखि क्यान्सरविरुद्धको खोप अभियानसम्म

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ असार

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले मन्त्री नियुक्त भएदेखि हालसम्मका उपलब्धि सार्वजनिक गरेका छन् । सोमबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री बस्नेतले दुई महिनाको अवधिमा ३ हजार ५ सय २३ जनरल वार्ड निःशुल्क गरेको बताए । मन्त्रालय मातहतका १६ वटा केन्द्रीय अस्पतालका ३ हजार ५ सय २३ जनरल वार्ड विपन्नका लागि निःशुल्क गरिएको हो । मन्त्री बस्नेतको निर्देशन अनुसार मन्त्रालय मातहतका केन्द्रीय अस्पतालका जनरल वार्ड विपन्न, असहाय र बेवारिसे बिरामीका लागि निःशुल्क गरिएको छ ।



गत वैशाख २१ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी सम्हालेपछि मन्त्री बस्नेतको पहिलो प्राथमिकता विपन्न बिरामीले निःशुल्क उपचार पाउनुपर्ने थियो । कुनै पनि नेपालीले पैसाको अभावमा उपचारबाट बञ्चित हुनु नपरोस् भन्ने उद्देश्यका साथ मन्त्री बस्नेतले सबैभन्दा पहिले वीर अस्पतालबाट ७०० शय्या विपन्नका लागि निःशुल्क गराएका थिए ।

विस्तारै कोशी अस्पताल, कान्तिबाल, प्रसूति गृह, मानसिक अस्पताल, नारायणी अस्पताल, भरतपुर अस्पताल, भेरी अस्पताल र डडेलधुरा अस्पताल लगायत देशभरीका १६ केन्द्रीय अस्पताल र प्रतिष्ठानका जनरल वार्ड निःशुल्क भएका छन् । पत्रकार सम्मेलनमा मन्त्री बस्नेतले देशभरीका केन्द्रीय अस्पताल र प्रतिष्ठानहरुका साढे ३ हजार वेड निःशुल्क भएपछि हजारौं विपन्नको उपचार सहज हुने मन्त्री बस्नेतले बताए । निःशुल्क गरिएका बेडमा बस्ने बिरामीको उपचार पनि निःशुल्क गरिने मन्त्री बस्नेतले जानकारी दिए । स्थानीय वडा कार्यक्रमले विपन्न भनि सिफारिस गरेको पत्रका आधारमा अस्पतालहरुले उपचार निःशुल्क गर्नुपर्ने व्यवस्था गरिएको मन्त्री बस्नेतले बताए । यसका साथै निजी अस्पतालहरुले पनि विपन्नका लागि १० प्रतिशत शय्या निःशुल्क गर्नुपर्ने नियमलाई कडाई गर्दै लगिएको मन्त्री बस्नेतले बताए ।

सबै अस्पतालका जनरल वार्ड निःशुल्क गर्दा लाग्ने खर्चमध्ये केही हिस्सा सम्बन्धितहरुले आन्तरिक व्यवस्था गर्ने र अपुग भएको रकम मन्त्रालयले अनुदानको रुपमा उपलब्ध गराइने मन्त्री बस्नेतले जानकारी दिए । मन्त्री बस्नेतका अनुसार स्वास्थ्यको बजेटमध्ये जुन क्षेत्रमा विनियोजन गरिएको बजेटले प्रतिफल दिइरहेको छैन त्यो क्षेत्रको बजेट आधारभूत स्वास्थ्य सेवामा खर्च गरिने छ । उनले १६ वर्षदेखि नीगित बहसमा रहेको राष्ट्रिय स्वासथ्य वित्त रणनीति (२०८०–२०९०) मन्त्रिपरिषद्बाट स्वीकृत भएको, नेपाल स्वास्थ्य क्षेत्र रणनीतिक योजना २०७९/८०–२०८७/८८) मन्त्रिपरिषद्बाट स्वीकृत भएको, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ सार्वजनिक गरेको लगायतका कुरा आफूले गरेका काम कारवाहीको सूचीमा समेटेका छन् । यस्तै पाठेघरको मुखको क्यान्सर विरुद्धको एचपीभी खोप सुरुवात तथा संचालन कार्यवित्री स्वीकृत गरेको, पोखरा र धनगढीमा क्यान्सर अस्पताल थप गर्न रुस सरकारसँग समन्वय भइरहेको, बेलायत, कतार, रुस र स्वीजरल्याण्डका राजदूतसँग भेटेर स्वास्थ्य सहयोगका विषयमा छलफल भएको पनि उनले आफ्ना दुई महिने उपलब्धिमा उल्लेख गरेका छन् ।

यस्तै मन्त्री बस्नेतले नेपालले बालबालिकामा हुने क्यान्सरविरुद्धका गतिविधिहरुमा पहलकदामी लिने प्रतिवद्धता जाहेर गरे अनुरुप क्यान्सर उपचार प्रदान गर्ने अस्पतालहरुमा बालबालिकामा हुने क्यान्सरको उपचारको लागि ३५ प्रकारका क्यान्सरविरुद्धका औषधीहरु निःशुल्क उपलब्ध गराउन अमेरिकास्थित सेन्ट जुड अस्पताल र नेपालका क्यान्सर अस्पतालका विज्ञहरुको कार्यशाला गोष्ठी सम्पन्न गरी धुलीखेल घोषणापत्र जारी भएको उल्लेख गरेका छन् ।

# न्यायालय जनसेवाग्राहीमैत्री हुन सकेनः प्रधानन्यायाधीश कार्की

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २५ असार

सर्वोच्च अदालतका प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले न्यायालय सत्य, सन्तुलन र निष्पक्षका साथै न्यायमुर्ती मन्दिर जस्तै हुनुपर्ने बताएका छन् ।

उदयपुर जिल्ला अदालतको नयाँ भवनको सोमबार उद्घाटन गर्दै उनले आम न्यायालयप्रति नागरिकको वितृष्णा उत्पन्न भएको बताए ।

उनले भने, 'जसरी हामी मन्दिर जान्छौं, बाहिर निस्किँदा प्रसन्न मुद्रामा बाहिर निस्किँन्छौं । त्यसैगरी न्यायालय समयमा सन्तुलित चुस्तदुरुस्त न्याय सम्पादन, बहस, फैसला इत्यादि दिन सकिएमा सेवाग्राहीहरु प्रसन्नता मुद्रामा बाहिरिन्छन् । यसले न्यायालयको आस्था प्रतिको दृष्टिकोण परिवर्तन हुनेछ ।'

आम नागरिकमा न्यायालय जनसेवाग्राहीमैत्री नभएको र न्याय समयमा सम्पादन नहुँदा दुरदराजबाट आएका सेवाग्राहीहरुलाई न्यायालय महंगो पर्न गएको उनको भनाइ छ । त्रियुगा नगरपालिका -१० बोक्सेमा निर्माण सम्पन्न भवन सर्वोच्च अदालतको निर्णय अनुसार निर्माण व्यावसायी कम्पनी सी.एम. कृष्ण लक्ष्मी जे.भी काठमाडौंसँग २०७७ साल असार ९ गते सम्झौता भएको थियो ।



अदालतको प्रशासन शाखाका अनुसार भवन सर्वोच्च अदालतको न्यायाधीश प्रकाशमान सिंह राउतबाट २०७७ कात्तिक १ गते उद्घाटन गरिएको थियो ।

बोलपत्रको लागत अनुमान अंक १६ करोड २२ लाख ५० हजार स्वीकृत भएको बोलपत्र पिएस र मूल्य अभिवृद्धि करसहित १३ करोड ४२ लाख ८१ हजार ९ सय २६ रुपैयाँ उल्लेख गरिएको छ । तथ्यांकमा भवन निर्माणको जम्मा लागत १६ करोड नौ लाख ८२ हजार ९ सय ६७ रुपैयाँ ३५ पैसा उल्लेख छ । जग्गा कि.न.२२६ को क्षेत्र फल ०-५-र कि.न.२२७ को क्षेत्रफल ०-७-८ गरी जम्मा क्षेत्र फल ०-१२-८(१२ कट्ठा आठ धुर) भवनले ओगटेको क्षेत्रफल आठ सय दस स्क्वायर मिटर उल्लेख गरिएको छ ।

भवन निर्माण सम्पन्न मिति २०८० चैत्र ३० गते उल्लेख गरेपनि भवन निर्माण २०७९ चैत्र २६ गते सम्पन्न भएको उल्लेख गरिएको छ । साढे तीन तला रहेको सो भवनमा बाथरुम बाहेक ५४ कोठाहरु रहेको उल्लेख छ । भवनमा दुई वटा इजलास, मुद्दा फाँटहरु, सोधपुछ,दर्ता चलानी, लेखा शाखा लगायत फाँटहरु रहेका छन् ।

शहरी विकास तथा भवन कार्यालय, १ नम्बर प्रदेश फिल्ड कार्यालयले भवन निर्माणको प्राविधिक अनुगमन गरेको थियो । उद्घाटन कार्यक्रमको अध्ययक्षता प्रदेश १ उच्च अदालतको कायम मुकायम न्यायाधीश सत्यमोहन जोशी थारुले गरेका थिए ।

# गौमुखी गाउँपालिका–४ पूर्ण सुरक्षित मातृत्व सेवायुक्त वडा घोषणा



**जोगिन्द्र मल्ल/मध्यान्ह**
प्युठान, २५ असार

प्युठानको गौमुखी गाउँपालिका ४ पुजालाई पूर्ण सुरक्षित मातृत्व सेवायुक्त वडा घोषणा गरिएको छ ।

'सुरक्षित मातृत्व, हामी सबैको दायित्व, स्वास्थ्य संस्थामा हुने सुत्केरी दिगो बनाउँ सधैंभरी' भन्ने मूल नाराका साथ वडालाई पूर्ण सुरक्षित मातृत्व सेवायुक्त वडा घोषणा गरिएको हो ।

गौमुखी गाउँपालिका वडा नं.४ को आयोजनामा भएको कार्यक्रमको प्रमुख अतिथि सांसद सूर्य थापा थिए । कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि थापाले 'भगवानले दिएको बरदान हो, जति जन्माए पनि हुन्छ' भन्ने मानसिकताले सुत्केरी महिलाहरुको ज्यान जोखिममा परेको र कलिलै उमेरमा विवाह गर्दा समस्या हुने गरेको बताए ।

गौमुखी गाउँपालिकाका अध्यक्ष बिष्णु कुमार गिरीले पूर्ण सुरक्षित मातृत्व सेवा प्रदान गर्न गाउँपालिकाले विभिन्न स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना, एमबीबीएस डाक्टरबाट सेवा, एम्बुलेन्सबाट सुत्केरी महिलाहरुलाई गन्तब्यमा पुऱ्याइएको बताए ।

कार्यक्रममा प्रदेश सांसद निमा गिरि, धनलक्ष्मी श्रेष्ठ लगायतले मन्तव्य राखेका थिए । प्युठानमा ९ वटा स्थानीय तह रहेका छन् । जिल्लामा रहेका ६४ वडामध्ये गत वर्ष गौमुखी गाउँपालिकाको नारीकोट, खुङलाई पूर्ण सुरक्षित मातृत्व सेवायुक्त वडा घोषणा गरिएको थियो ।

## शीर्ष...

क्रममा प्रचण्डले उक्त अभिव्यक्ति दिने क्रममा आफ्नो पारिवारिक अवस्थासँग जोडेका थिए । क्यान्सरबाट बिरामी छोरी ज्ञानुको उपचारका क्रममा सहयोग गर्ने प्रितम सिंहप्रति सदासयता राख्ने क्रममा उक्त अभिव्यक्ति दिन पुगेको प्रचण्डले बताएका थिए । त्यस अभिव्यक्तिलाई प्रधानमन्त्री भएर नबोलेको, बरु ज्ञानको बुवा र प्रितम सिंहको सदासयताको निम्ति बोल्न पुगेको बताएका थिए । तर त्यस्तो अभिव्यक्ति भन्नु उपयुक्त नभएकाले आत्मालोचना गर्ने प्रधानमन्त्रीले संसदमा बताए ।

प्रधानमन्त्री प्रचण्डले स्पष्टिकरण दिनु अगाडि एमालेका गोकुल बाँस्कोटा, राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङदेनले आपत्तिजनक प्रश्न राखेका थिए । एमाले नेता बाँस्कोटाले प्रचण्डको अभिव्यक्तिले मुलुकको सार्वभौमिकतामाथि प्रश्न उठेकाले नैतिकताका आधारमा राजीनामा मागेका थिए । बाँस्कोटाले जस्तै लिङदेनले पनि नैतिकता गुमेकाले राजीनामा दिनुपर्ने माग राखेका थिए ।

तर लामिछानेले भने उपयुक्त जवाफ मागे । चित्त बुझ्दो जवाफ दिनुपर्ने लामिछानेको माग थियो । यी प्रश्नको जवाफमा प्रचण्ड लामिछानेलाई धन्यवाद दिए । तर बाँस्कोटा र लिङदेनलाई प्रधानमन्त्री प्रचण्डले उल्टै प्रश्न गरेका थिए । संसद अवरोधको औचित्य पुष्टि नहुने र विपक्षीले राजीनामा माग्दैमा प्रधानमन्त्रीले पदबाट राजीनामा नदिने बताएका थिए । यी सबै औपचारिकताका निम्ति मात्रै थियो । किनकि आइतबार र सोमबा बिहान शीर्ष नेतृत्वबीच जुटेको सहमति अनुसार, संघीय संसद बैठक बोलाइएको थियो । त्यसैअनुसार, बैठकको गतिरोध हट्यो ।

## नक्कली...

अडियो फेक भएको दाबी गर्दै छानबिन गर्न र दोषीलाई कारबाहीको दायरामा ल्याउन माग गरेकी थिइन् । उनले साइबर ब्युरो भोटाहिटीमा केही सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सार्वजनिक गरिएको उक्त अडियो बदनियतपूर्ण ढंगबाट बदनाम गराउने उद्देश्यले नियोजित रूपमा रेकर्ड गराइएको भन्दै कारबाहीको दायरामा ल्याउन माग गरेर निवेदन दिएकी थिइन् ।

'विभिन्न सञ्चारमाध्यमहरूमा सार्वजनिक गरिएको मेरो कुनै सरोकार र जानकारी नै नभएको नक्कली भुटानी शरणार्थीका सम्बन्धमा मेरो समेत नाम जोडी कुराकानी गरिएको अडियो रेकर्ड कहाँ, कसरी, कसले र के उद्देश्यले रेकर्ड गरेका हुन् उक्त अडियोका बारेमा अत्याधुनिक प्रविधि प्रयोग गरी सत्य तथ्य बेहोरा तत्काल सार्वजनिक गर्दै दोषीमाथि कानुनअनुसार कडाभन्दा कडा कारबाही होस् भनी यो निवेदन पेस गरेको छु,' देउवाले दिएको निवेदनमा भनिएको थियो । यस सम्बन्धमा राणाले आफूलाई रकम दिइएको भन्ने अडियो योजनाबद्ध रुपमा रेकर्ड गरिएको बताएकी हुन् । सोमबार प्रतिनिधिसभा बैठकपछि सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै सांसद राणाले आफूलाई रकम दिइएको कुरा अडियोमा योजनाबद्ध रुपमा रेकर्ड गरिएको भन्दै आपत्ति जनाएकी हुन् ।

## गल्ती...

संसदबाट पारित नभई निस्क्रिय भएको र मिटरब्याज पीडित लाखौं नेपाली किसानहरुको न्यायप्राप्तिको अपेक्षामा गम्भीर आघात पुगेको' बताएका थिए ।

रास्वपा सभापति लामिछानेले पनि आफूहरु मिटरब्याज सम्बन्धी विधेयकको पक्षमा रहेको बताए । 'मिटरब्याजको अध्यादेश, सत्ता पक्षका कुन कुन नेताको स्वार्थमा अन्तिम दिन यहाँ ल्याइयो' भन्ने प्रश्न गर्दै रास्वपा सभापति लामिछानेले भने, 'रास्वपा मिटर ब्याज पीडितहरुको पक्षमा छ । प्रतिस्थापन विधेयक ल्याए साथ दिन तयार छौं ।'राप्रपा अध्यक्ष लिङ्देनले पनि मिटरब्याजसम्बन्धी विधेयक अन्तिम दिनमा सदनमा ल्याइएको भन्दै प्रश्न उठाए । यो विधेयकको पक्षमा आफूहरु रहेको उल्लेख गर्दै उनले मिटरब्याजसम्बन्धी विधेयक रोक्नका लागि संसदमा अवरोध नभएको स्पष्टीकरण दिए ।

२० वैशाखमा सरकारले ल्याएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८० को प्रतिस्थापन विधेयक संविधान अनुसार ६० दिनभित्र संसदबाट पारित नहुने भएका कारण निष्क्रिय भएको थियो । अध्यादेशको प्रतिस्थापन विधेयक राष्ट्रियसभाले १५ असारमा पारित गरेर प्रतिनिधिसभामा पठाएको थियो ।प्रतिनिधिसभाले बुधबारसम्म पारित गरेर राष्ट्रियसभामा पठाउनुपर्ने थियो र राष्ट्रियसभाले प्रमाणित गरेर राष्ट्रपतिसमक्ष पठाउनुपर्ने थियो ।

तर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफूलाई प्रधानमन्त्री बनाउन भारतीय नागरिक प्रितम सिंह पटक पटक दिल्ली गएको भनी केही दिनअघि दिएको अभिव्यक्तिको विषयलाई लिएर नेकपा एमालेले प्रतिनिधिसभा र राष्ट्रियसभा अवरुद्ध गरेपछि विधेयक पारित हुन सकेको थिएन ।

सरकारले मिटरब्याज पीडितसँग १८ वैशाखमा सहमति गरेपछि २० वैशाखमा 'मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश ल्याएको थियो । उक्त अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक कानुन, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले ५ असारमा राष्ट्रिय सभामा दर्ता गरेका थिए । राष्ट्रिय सभाले १५ असारमा दफावार छलफल गरी सोही दिन पारित गरेर प्रतिनिधिसभामा पठाएको थियो ।प्रतिनिधिसभामा १८ असारमा सैद्धान्तिक छलफल भएको थियो । तर एमालेले गरेको अवरोधका कारण विधेयक पारित हुन सकेको थिएन । अब बस्ने प्रतिनिधिसभाको बैठकमा यो विधेयक अगाडि बढाइने सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा बताउँछिन् । प्रतिनिधिसभाको अर्को बैठक आगामी शुक्रबार दिउँसो १ बजेका लागि बोलाइएको छ ।

## सबै...

बाधा अड्काउ आदेश जारी गर्ने छ । व्यवसायी इजाजतपत्र नवीकरण हुने वा नहुनेबारे अन्योलमा बस्नु आवश्यक छैन ।' वैदेशिक रोजगार ऐनअनुसार व्यवसायीले इजाजतपत्र नवीकरण गर्ने नियमित समय गुज्रिन पाँच कार्य दिन मात्र बाँकी छ । मन्त्री भण्डारीले असार मसान्तसम्म संसदबाट विधेयक पारित हुन नसक्ने अवस्था भएमा मन्त्रिपरिषद्ले तत्कालै निकास दिने बताए ।

तत्कालीन मन्त्री गोकर्ण विष्टको कार्यकालमा सार्वजनिक छलफल बिना नै वैदेशिक रोजगार ऐनमा संख्या सयको अनुचित विषयले प्रवेश पाएको हो । तर उक्त प्रावधान हालसम्म एकपटक पनि कार्यान्वयनमा आउन सकेको छैन । अघिल्ला वर्षहरूमा असार तेस्रो तथा अन्तिम साता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सिफारिसमा मन्त्रिपरिषद्ले वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ मा रहेको बाधा अड्काउ फुकाउ निर्णय गरेर इजाजतपत्र नवीकरण हुने व्यवस्था गर्दै आएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले अघिल्ला चार आर्थिक वर्ष म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न लिइएको आधारमा मन्त्रिपरिषद्ले बाधा अड्काउ आदेश जारी गर्ने विषयमा श्रममन्त्री भण्डारीसँग सकारात्मक छलफल भएकाले व्यवसायी आत्तिनु नपर्ने बताए ।

यता इजाजतपत्र नवीकरणका लागि वार्षिक सय जना कामदार पठाउनुपर्ने बाध्यता हटाउनुपर्ने विषयमा दबाब सिर्जना गर्न वैदेशिक रोजथार व्यवसायीहरूले आ-आफ्नो ढंगले सक्रियता देखाएका छन् । प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालले सोमबार सभामुख देवराज घिमिरे तथा नेकपा एमालेका महासचिव शंकर पोखरेललाई छुट्टाछुट्टै भेटेर ऐनको अव्यवहारिक व्यवस्थाले पारेको समस्या समाधानका लागि आग्रह गरेको छ ।

मञ्च अध्यक्ष जनक रावलको नेतृत्वमा सल्लाहकार सुवर्ण श्रेष्ठसहितका व्यवसायी सभामुख निवास पुगेका थिए । जवाफमा सभामुख घिमिरेले सरकारले पेश गरेको केही नेपाल ऐन संशोधन गर्ने विधेयक यथाशीघ्र संसदमा टेबुल गर्ने वचन दिएको अध्यक्ष रावलले जानकारी दिए । मञ्चका अध्यक्ष रावलले सभामुख घिमिरे तथा महासचिव पोखरेललाई एक चौथाइभन्दा बढी व्यवसायीहरुको लाइसेन्स वार्षिक सय जना कामदार पठाउन नपाएका कारणले नवीकरण नहुने अवस्था रहेको भन्दै ध्यानाकर्षण गराएका थिए ।

उता नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष सीता देवकोटालगायतका व्यवसायीले अर्थमन्त्री डा. प्रकाशशरण महतलगायतलाई भेटेर संख्या सयका कारण व्यवसायीको इजाजतपत्र नवीकरण नहुने समस्याको समाधान तत्काल दिन ध्यानाकर्षण गराएका छन् ।

## जवाफ...

अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका कर्मचारीले बिना कारण फर्काएका थिए । फर्काइएकामा १४ जना महिला र एक जना पुरूष कामदार रहेका थिए । त्यस विषयमा बुझ्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारी तथा कार्यसमिति सदस्य देउमान नेम्वाङको नेतृत्वमा एससीसी म्यानपावर कम्पनी प्रा.लि.का सञ्चालक अबुल शाहसहितको टोली सोमबार कालिकास्थानस्थित अध्यागमन कार्यालय गएको थियो ।

अध्यक्ष भण्डारीले वैदेशिक रोजगार विभागबाट सबै प्रक्रिया पूरा गरी पठाएका कामदारलाई अध्यागमन कर्मचारीले गलत नियत राखेर फर्काउँदा उनीहरूको टिकट रद्द भएको भन्दै उनीहरूलाई विभागले क्षतिपूर्ति दिनुपर्ने माग राखेका थिए । तर महानिर्देशक अधिकारीले अध्यागमन कर्मचारीले दैनिक दर्जनौं यात्रु फर्काउने गरेको र कसैलाई क्षतिपूर्ति दिने नगरिएको भन्दै जोर्डन जानेक्रममा फर्काइएका कामदारहरूलाई पनि कुनै क्षतिपूर्ति दिन नसकिने जवाफ दिए ।

प्रतिउत्तरमा अध्यक्ष भण्डारीले आइतबार जोर्डन जान लागेका र भिजिट भिसामा जानेहरूको अवस्था फरक रहेकाले गलत गर्ने अध्यागमन कर्मचारी जवाफदेही हुनुपर्ने भनाइ राखे । महानिर्देशक अधिकारीले अध्यक्ष भण्डारी, कार्यसमिति सदस्य नेम्वाङ तथा म्यानपावर सञ्चालक शाहले गरेको पटक-पटकको आग्रह सुन्न चाहेनन् । उनले भने, 'गलत नै भएको भएपनि क्षतिपूर्ति दिने व्यवस्था छैन । तपाईंहरूसँग यस विषयमा थप छलफल गर्न मसँग समय छैन, छलफल पनि गर्दिनँ, तपाईंहरू न्याय र क्षतिपूर्ति चाहिने भए गृहमन्त्रीसमक्ष जानुस् ।'

अध्यागमन कार्यालयले बाटुली बि.क., अनिता विश्वकर्मा, मञ्जु कामी, रत्नकाली घर्तीमगर, तुलसा कुँवर, विना तामाङ, अमनी तिरुवा, अपर्णा सुनुवार, रेनुका विश्वकर्मा, मञ्जु कामी, सुनिता दोङ, सृष्टि कोइराला सार्की, सुस्मिताबि.क., लक्ष्मी श्रेष्ठ, सबिना राई र रोहितराज भट्टलाई फर्काएको थियो ।

अध्यागमनले फर्काएकी सुनिता दोङलाई अध्यागमन अनुमति नदिएको पत्रमा जोर्डन काम गर्न जान लागेका निजहरूको वर्किङ भिसा नदेखिएको र मिनिष्ट्री अफ इन्भेष्टमेन्टले भिसा जारी गर्ने निकायलाई भिसा रिन्यूका लागि अनुरोध गरिएको पत्रमात्र भएकाले प्रस्थान दिन नसकिएको उल्लेख छ ।

म्यानपावर सञ्चालक अबुल शाहले अन्तर्राष्ट्रिय उडान प्रचलनअनुसार अध्यागमन प्रक्रिया पूरा गरेपछि यात्रु फर्काउन नपाइनेमा अध्यागमन कर्मचारीले उक्त प्रचलनको समेत बेवास्ता गर्दै उनीहरूलाई फर्काएर राहदानी डिपार्ट गरिएको छाप लगाई कामदारमाथि ज्यादती गरिएकोमा जवाफ चाहिने माग गरे । तर महानिर्देशक अधिकारीले त्यस विषयमा केही जवाफ नदिई न्याय चाहिने भए नारायणकाजीकोमा जान पुनः रूखो जवाफ फर्काए । नारायणकाजी श्रेष्ठ उपप्रधान तथा गृहमन्त्री हुन् ।

सञ्चालक शाहले जोर्डनको उक्त गार्मेन्ट कम्पनीबाट एससीसी म्यानपावर कम्पनीले लिएका ७० जना कामदारको डिमाण्डमध्ये यसअघि ४० जना सहजरूपमा कामका लागि जोर्डनस्थित कम्पनी पुगेको हवाई टिकटको प्रतिलिपि महानिर्देशकसमक्ष पेश गरे । सरसर्ती हवाई टिकटको प्रतिलिपि हेरेका महानिर्देशक अधिकारीले ४० जना गएको विषयमा अध्यागमन कार्यालयमा कुनै रेकर्ड नरहेको भन्दै सेटिङमा गएको हुनसक्ने आशय व्यक्त गरे । तर कम्पनीका सञ्चालक शाहले महानिर्देशक अधिकारीको आशयको खण्डन गर्दै सबै प्रक्रिया पूरा गरी वैधानिक तरिकाले गएको जवाफ दिए । तर महानिर्देशक अधिकारी त्यसमा बोलेनन् । व्यवसायी शाहका अनुसार उनीहरू शून्य लागतको छनोट प्रक्रिया अन्तर्गत जोर्डनको रोजगारीमा छनोट भएका हुन् । उनीहरुको सेवा शुल्क, भिसा, टिकट, स्वास्थ्य परीक्षणलगायत खर्च रोजगारदाता कम्पनीले व्यहोरेको थियो । अन्तर्वार्तामा छनोट भएपछि उनीहरूलाई म्यानपावर कम्पनीले एक महिना राजधानीको एक होटलमा राखेर प्रस्थानदेखि रोजगारीसम्मका सबै तालिम दिएको थियो । संघका अध्यक्ष भण्डारीले अध्यागमनका महानिर्देशक अधिकारी र कर्मचारीको रवैयालाई लिएर सकेसम्म छिटो गृहमन्त्री श्रेष्ठको ध्यानाकर्षण गराइने जानकारी दिए । उनले भने, 'न्याय खोज्न आउँदा गैरजिम्मेवारीपनको नमुना देखियो ।' म्यानपावर सञ्चालक शाहले जोर्डन पठाउन नपाएका कामदारलाई राजधानीको एक होटलमा राखेर टिकटको प्रबन्ध गरिरहेको बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७६/०७/१८ मा दर्ता भएको **प्रा.लि. नं. २२७४६८/०७६/०७७** को **ब्लिस्सफुल जर्नी ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना
यस कार्यालयमा मिति २०७७/०९/१५ मा दर्ता भएको **प्रा.लि. नं. २५१५५२** को **उत्तम आयुष फुड्स सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कतारमा रोजगारको अवसर
कम्पनी : THE FLOWERS CLEANING & SERVICES
शहरः Qatar, Doha
पूर्व स्वीकृत मितिः २०८०/०३/२५ चलानी नं.: ६०२०४४५३ LT. No.:289043

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ground Steward (Female) | 0 | 10 | स. काममा दक्ष | 1000 | ३६,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104,9816332223,9808466028, 9869317171, 9862504026, 9816731487, 9828588725, 9823645075

कुबेतमा वैदेशिक रोजगारको अवसर
कम्पनी : DAR AL-MOSTAQBAL INTERNATIONAL GENERAL TRADING CO शहरः HAWALLY GOVERNORATE
पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०२७१३ LT. No.: 287372

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 25 | सम्बन्धित काममा दक्ष | 85 | ३६,५८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 25 | 0 | | 150 | ६४,५६० | | | | | | | |

कतारमा वैदेशिक रोजगारको अवसर
२. कम्पनी : Road line trading and contracting कम्पनी : Doha
पूर्व स्वीकृत मितिः २०८०/०२/२३ चलानी नं.: ६०२०३४३१ LT. No.: 288046 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | EXECUTIVE SALES | 3 | 0 | सम्बन्धित काममा दक्ष | 2100 | ७६,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | SUPERVISIOR | 5 | 0 | | 2500 | ९०,६२५ | | | | | | | |
| 3. | Salesman | 8 | 0 | | 1300 | ४७,१२५ | | | | | | | |
| 4. | General Supervisior | 1 | 0 | | 2500 | ९०,६२५ | | | | | | | |
| 5. | Foreman | 1 | 0 | | 2500 | ९०,६२५ | | | | | | | |
| 6. | Representative | 3 | 0 | | 2200 | ७९,७५० | | | | | | | |
| 7. | Carpenter | 2 | 0 | | 1100 | ३९,८७५ | | | | | | | |
| 8. | LABOUR | 2 | 0 | | 1100 | ३९,८७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Chandra Kamana Manpower Pvt. Ltd.
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## कर्णाली प्रतिष्ठानमा लगाइएको ताला प्रहरीले खोल्यो

# प्राध्यापकहरुले शुरु गरे पेन डाउन र धर्ना

सरिता पराजुली/मध्यान्ह
जुम्ला, २५ असार

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका अध्यापक तथा प्राध्यापकहरु आन्दोलित भएका छन् । स्थायी गर्नुपर्ने माग राख्दै गत जेठ १४ गतेबाट आन्दोलित बनेका प्राध्यपाकहरुका माग अझै सम्बोधन हुन सकेको छैन ।

लामो समयसम्म माग सम्बोधन नभएपछि आइतबार कर्णाली प्रतिष्ठानका पदाधिकारीहरुको कार्यकक्षमा ताला लगाउने तयारी भयो । सोहीअनुसार उनीहरुले रजिष्ट्रार, रेक्टर, डीन र अस्पताल निर्देशकको कार्यकक्षमा ताला लगाए । अन्तिममा उपकुलपति डा.मंगल रावलको कार्यकक्ष तालाबन्दी गर्न खोज्दा उपकुलपतिले दिएनन् । सह प्राध्यापक रमेशराज उपाध्यायले भने, 'सेवा प्रवाह र अध्ययन प्रभावित नहुने गरी छिटो माग सम्बोधन हुने आशामा पदाधिकारीको कार्यकक्ष तालाबन्दी गर्ने योजना हो । तर उपकुलपतिले ताला लगाउन दिएनन् ।'

अन्ततः प्रहरी प्रशासन लगाएर अन्य कार्यकक्षको ताला खोलिएको छ । तालाबन्दीपछि रिले अनशनको



कार्यक्रम रहेपनि तालाबन्दी कार्यक्रम असफल भएपछि सिधै पेन डाउन तथा धर्नाका कार्यक्रमलाई अघि बढाइएको सहप्राध्यापक उपाध्यायले जानकारी दिए । 'हाम्रो मनसाय सेवालाई रोक्ने होइन । अध्ययन प्रभावित बनाउने पनि होइन । तर पदाधिकारीहरु हाम्रा समस्या र मागप्रति गैरजिम्मेवार बनेपछि सिधै पेन डाउन धर्नाका कार्यक्रम अघि बढाइएको हो ।'

हाल कर्णाली प्रतिष्ठानमा एक वर्षदेखि ६ वर्षसम्म काम गरेका ६० जना करारका अध्यापक तथा प्राध्यापकहरु रहेका छन् । जो सबै आन्दोलनमा उत्रिएका छन् । आन्दोलनरत अध्यापक तथा प्राध्याकहरुले आफूहरुलाई स्थायी गर्नुपर्ने माग राख्दै आएका छन् । लामो समयदेखि जुम्लामा कार्यरत रहेका करार अध्यापक प्राध्यापकहरुले स्थायी गर्नुपर्ने माग राख्दै पेन डाउन र धर्नाका कार्यक्रम शुरु गरेको प्राध्यापक संघर्ष समितिका संयोजक रवीन्द्र रोकायाले बताए ।

गत जेठ १४ गतेदेखि करार अध्यापक र प्राध्यापकहरूलाई स्थायी गर्नुपर्ने मागसहित संघर्षका कार्यक्रम शुरु गरिएको उनेले बताए । उनले भने, ' प्रतिष्ठानका पदाधिकारीहरु हाम्रा मागप्रति अनुदार देखिए । सुनुवाइ नभएपछि हामी तालाबन्दीदेखि रिलेअनसन सम्म पुगेका हौं । त्यो पनि असफल भएपछि पेन डाउन र धर्नाका कार्यक्रम शुरु गरिएको हो ।'

आन्दोलनरत पक्षले संघर्षको पहिलो चरणमा प्रशासन कार्यालय, नगरपालिका, प्रतिष्ठानका सबै पदाधिकारी, सहकुलपति र कुलपतिको कार्यालयमा पुगेर ज्ञापनपत्र बुझाएको थियो । तर कुनै पनि सुनुवाइ नभएपछि असार १७ देखि २४ गतेसम्म उनीहरुले कालोपट्टी बाँधेर प्रतिष्ठानको काम गरेका थिए । दोस्रो चरणमा ध्यानाकर्षणका कार्यक्रम गर्दा पनि सुनुवाइ नभएको र मागप्रति प्रतिष्ठानका पदाधिकारी गम्भीर नभएको ठहर गर्दै पेन डाउन गरिएको हो । यद्यपि, अझै सुनुवाइ नभए कडा आन्दोलनका कार्यक्रम अघि सार्ने अध्यापक तथा प्राध्यापकहरुले चेतावनी दिएका छन् ।

# वैदेशिक रोजगारीमा गएका कामदारको प्रयोग गरी सुन तस्करी

अस्मिता बम/मध्यान्ह
काठमाडौं, २५ असार



वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको प्रयोग गरी सुन तस्करी गर्ने गिरोह पक्राउ परेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले तस्करमा संलग्न १२ जनालाई सोमबार सार्वजनिक गरेको छ ।

कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक डा. मनोज कुमार केसीका अुसार पक्राउ पर्नेमा धनुषाको ललियाका २५ वर्षीय सुनिल कुमार महरा, सिराहा पटेरयाका २४ वर्षीय दिनेश कुमार यादव, कपिलवस्तुको बाघखोरका २३ वर्षीय सन्तु गुलाम मुराउ, धनुषा विणका ३४ वर्षीय नरेश पजियार, बाँके राप्ती सोनारी-४ का ३६ वर्षीय भुमबहादुर वली, सप्तरीको चनहीपथराहका २८ वर्षीय विनोद कुमार साह र सप्तरीको बलानबिहुल गाउँपालिकाकी २५ वर्षीया सन्जु कुमारी साह रहेकी छिन् । यसै गरी सप्तरीकै रोहतटका २२ वर्षीय दुर्गा प्रसाद यादव, जिल्लाको धनगढीका २८ वर्षीय देवानन्द शाह, सिराहहाको कुमहाल टोलका शिव सुन्दर रावत, हनुमाननगरका २३ वर्षीय मोहन कुमार यादव र सर्लाही फरहदयाका ५६ वर्षीय निमाइ साह रहेका छन् ।


कतारमा रहेका श्रमिकबाट रकम संकलन गरी त्यसबाट सुन खरिद गरेर कतार एयरलाइन्स र नेपाल वायु सेवा निगममार्फत मासिकरुपमा २६/२७ किलो सुन अवैधरुपमा सो गिरोहले भित्र्याउने गरेको वरिष्ठ उपरीक्षक केसीले बताए । हालसम्म सो गिरोहले तस्करीबाटै दुई अर्ब ३७ करोड ८२ लाख ३६ हजार पाँच सय ४९ रकम संलकन गरिसकेको समेत वरिष्ठ उपरीक्षक केसीले जानकारी गराए ।

सन् २०१२ देखि शुरु भएको सुन तस्करीबाट आर्जित रकम रेमिटबाट शिवसुन्दर राउत मार्फत कतारमा पठाउने गरेको भन्ने सूचना प्राप्त भएपछि अनुसन्धान थालिएको केसीले जानकारी दिए । कतारको दोहामा बस्ने गिरोहले नेपाली कामदार घर फर्कने बेलामा उनीहरुलाई सम्पर्क गरेर 'नेपाल पुग्दा होटलमा खानबस्न फ्रि हुन्छ, घर जाने बेलामा मेरा मान्छेले पाँच हजार पनि दिन्छ, तिमीहरुले चाहिँ ५० ग्राम सुनको बिल लिएर जाउ, डराउनु पर्दैन यो सुन वैध नै हो' भन्ने गरेको अनुसन्धानमा खुलेको छ । प्रहरीका अनुसार 'एयरपोर्टमा पुगेपछि मेरो मान्छेले रिसिभ गरेर होटलमा लैजान्छ, तिमीले उनलाई सुन दिनु' भनेर विश्वस्त पारी सुन लिएर आएकाहरुले लगाएको लुगासहित फोटो खिची काठमाडौंमा रहेका बिनोदकुमार साहलाई ह्वाटसेपमार्फत पठाएर दैनिक १५-२० जनाबाट ५०/५० ग्रामको दरले सुनको तस्करी गर्ने गरिएको अनुसन्धानमा खुल्न आएको छ ।

सुन तस्करी गर्ने कार्यमा संलग्न रहेका विनोद कुमार साह र उनको श्रीमती सन्जु कुमारी साहले काठमाडौंको एयरपोर्ट अगाडि हिमालयन स्पाइर नामको होटल सञ्चालन गरेर काठमाडौंमा सुन संकलन गरी बिक्री गरेर रितेश जनरल स्टोरको खातामा रकम जम्मा गर्ने गरेका प्रहरीको अनुसन्धानमा खुलेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले आइतबार नेपाल वायु सेवा निगमको आरए२४० को फ्लाईटबाट कतार हुँदै बिहान १० बजेर १० मिनेटमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल अवतरण गरेकाहरुबाट सानासाना परिमाणमा सुनका गरगहनाहरुसमेत बरामद गरेको छ ।

# बडगाई खोलामा मोटरेबल पुल निर्माण



प्रचण्ड खत्री/मध्यान्ह
रुकुम पशिम, २५ असार

रुकुम पशिमको बाँफिकोट गाउँपालिका वडा नं ४ र ६ को बीचमा रहेको बडगाई खोलामा मोटरेबल पुल निर्माण गरिएको छ । वडा नं ६ को सहजीकरणमा पुल निर्माण गरिएको वडा अध्यक्ष मनोज अधिकारीले जानकारी दिए । विभिन्न व्यक्तिको सहयोगमा मोटरेबल पुल निर्माण गरिएको हो । पुल निर्माणमा वडाका केही युवाको श्रमदानसमेत रहेको अध्यक्ष अधिकारीले बताए ।

पुल निर्माणका लागि यति बिल्डर्सले सिमेन्ट, बालुवा र मिक्चर सहयोग गरेको थियो भने रिजाल हार्डवेयरले पाइप, बाँफिकोट गाउँपालिकाबाट १० हजार, नेकपा माओवादी केन्द्र बाँफिकोटका अध्यक्ष चन्द्रबहादुर केसीले १० हजार, सालघारी सामुदायिक वनले काठ तथा डीलबहादुर कुसारिले १२ सय बराबरको पेट्रोल सहयोग गरेको वडा अध्यक्ष अधिकारीले बताए ।

यस्तै पुल निर्माणमा अस्थायी प्रहरी पोष्ट मग्मा र वडा कार्यालयको ५ लाख बराबरको श्रमदान रहेको छ । मोटरेबल पुल नहुँदा वर्षौंदेखि साना र ठूला गाडीमा आवतजावत गर्नेहरुलाई सास्ती हुने गरेको थियो । मोटरेबल पुल बनेपछि सवारी साधनका साथै स्थानीयलाई पनि वारिपारि गर्न सहज हुने भएको छ ।

# माल्टा पठाइदिन्छु भन्दै ठगी गर्ने एक महिला पक्राउ

**काठमाडौं/मस–** नेपाल प्रहरीले माल्टा पठाइदिन्छु भन्दै पाँच लाख ८५ हजार रुपैयाँ ठगी गर्ने एक जनालाई पक्राउ गरेको छ । प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले माल्टामा मासिक एक लाख तलब हुने कम्पनीमा जागिर लगाइदिन्छु भनेर पाँच लाख ८५ हजार रुपैयाँ ठगी गर्ने गोरखा पालुङटार नगरपालिका घर भइ हाल काठमाडौंको तारकेश्वर बस्ने २९ वर्षीया सुस्मा तामाङलाई



पक्राउ गरेको हो ।

कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले एक लाख तलब हुने माल्टाको कम्पनीमा जानका लागि ६ लाख रुपैयाँ लाग्छ भनी पाँच लाख ८५ हजार लिएर ठगी गरेको आरोपमा तामाङलाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेकी तामाङलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहचल पठाइएको प्रवक्ता रेग्मीले बताए ।

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग
(प्रशासन योजना तथा संस्था दर्ता शाखा ) बुद्धनगर, काठमाडौं, नेपाल

**७ दिने सूचना !**

वैदेशिक रोजगार व्यवसाय गर्ने सलाम ओभरसिज सर्भिसेज् प्रा.लि. ईजाजत नं. १४८०/०७४/०७५ का विरुद्ध वैदेशिक रोजगार विभागमा दर्ता भई फरफारक हुन बाँकी रहेको तपशिल बमोजिमको उजुरीकर्ताले आफुसँग भएको सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

| सि. नं. | उजुरीवालाको नाम, थर | उजुरीवालाको ठेगाना | उजुरीको कम्प्युटर दर्ता नं. | उजुरीमा बिगो दावी भएको/नभएको | उजुरी मिति | रोजगारदाता देश |
|---|---|---|---|---|---|---|
| १. | सबिता गुरुङ | काठमाण्डौ | ६६९५ | क्षतिपुर्ति राहदानी फिर्ता | २०७९/६/२५ | माल्टा |


**UAE मा रोजगार** | कम्पनी :STARGATE BUILDING SOLUTIONS LLC
शहर : DUBAI

पूर्व स्वीकृत मितिः२०७९८/०७/०१ चलानी नं.: ६०१६५४२२ LT. No.: 248684 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Civil Engineer | 9 | 0 | सम्बन्धित काममा दक्ष | 5000 | १८४८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 16 | 44 | | 900 | ३३२६४ | | | | | | | |
| 3. | Electrical Engineer | 5 | 0 | | 5000 | १८४८०० | | | | | | | |
| 4. | Filling Clerk | 2 | 8 | | 1200 | ४४३५२ | | | | | | | |
| 5. | Light Vechicle Driver | 4 | 0 | | 1500 | ५५४४० | | | | | | | |
| 6. | Quantity Supervisor | 4 | 0 | | 2500 | ९२४०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

लिभरपुल एच. आर. शोलुशन प्रा. लि.
Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851149144, 9851013724.
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

**मलेसियामा रोजगार** | कम्पनी: HQ PACK SDN BHD
शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०८०/०३/२५ चलानी नं.:६०२०४४४३ LT. No.: 289035

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 5 | 5 | स. काममा दक्ष | 1500 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gorkhas Associate (P.) Ltd.
P.O. Box: 21051, Maharajgunj, Kathmandu, Nepal
Tel: 4378895, 4377756, 4379078
Gov. Lic. No. 969/067/068

**साउदीमा रोजगार** | कम्पनी : Mohammed Hassan Mohammed Al-Osaimi Est.for Decoration and Polishing
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०३/२५ चलानी नं.: ६०२०४४४९ L.T. No.: 289122

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaning Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com
Gov. Lic No. 1399/074/075

**मलेसियामा रोजगारको अवसर** | १. कम्पनी : NUSA JERNIH SND BHD
शहर : SELANGOR, MALAYSIA

पुर्व स्वीकृत मितिः २०८०/०३/२५ चलानी नं.: ६०२०४४०४ L.T. No.: 289105

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 21 | 0 | स. काममा दक्ष | 1500 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : NUSA JERNIH SND BHD शहर : SELANGOR, MALAYSIA

पुर्व स्वीकृत मितिः २०८०/०३/२५ चलानी नं.: ६०२०४४०३ L.T. No.:289109

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 21 | 0 | स. काममा दक्ष | 1500 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Facility Manpower Services Pvt. Ltd.
Sinamangal , Kathmandu, Nepal,
Tel.: 01-4110864, 9851102450, 9851186635
E-mail: facility276@gmail.com, info@fms.com.np. Website: www.fms.com.np
श्रम इजाजत नं.: २७६/०७०/७१

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्कः 01-4958923 / 01-4952044
मोः 9741818340 ( WhatsApp/Viber )

**कुवेतमा रोजगार** | कम्पनी: ANWAR BEAUTY INSTITUTE SALOON COMPANY FOR LADIES BEAUTYCATION
शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०३/२५ चलानी नं.: ६०२०४४३६ LT. No.:289021

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ladies Salon | 0 | 10 | सम्बन्धित काममा दक्ष | 200 | ८६,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 10 | | 120 | ५१,६४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २, ३ र ४ गते (18, 19 & 20 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Mechi International Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Tel: 01- 4487000, Fax: 01- 4116650, Mob.: 9822600100, 9822600500
Email: info@mechioverseas.com.np, Web: www.mechioverseas.com.np
Gov. Lic No. 1313/074/075

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.com.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२६ असार २०८०, मंगलबार
11 July 2023, Tuesday

सम्पादकीय

## आवेगमा गल्ती

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले स्पष्टिकरण दिएपछि संघीय संसदको अवरोध खुलेको छ । गत १८ असारमा राजधानीमा आयोजित पुस्तक विमोचन कार्यक्रममा प्रधानमन्त्री प्रचण्डले दिएको अभिव्यक्ति विवादित बनेपछि विपक्षी दलहरूले संघीय संसद अवरोध गरेको थियो । तर सोमबार शीर्ष तीन नेताबीच जुटेको सहमति अनुसार संसद अवरोध हटेको छ । प्रधानमन्त्री प्रचण्डसँग नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच संसद अवरोध हटाउनेबारे छलफल भएको थियो । सोमबार बिहान तीन नेताबीचको सम्वादमा प्रधानमन्त्री प्रचण्डले स्पष्टिकरण दिएपछि संसद अवरोध हटाउने सहमति जुटेको थियो । त्यही सहमति अनुसार, प्रचण्डले आफ्नो अभिव्यक्तिको मनसाय नेपालको प्रधानमन्त्री बनाउन दिल्लीमा कुरा गर्न जानुपर्छ भन्ने नभएको बताएका थिए ।

प्रधानमन्त्री प्रचण्डलाई एमालेका तर्फबाट गोकुल बाँस्कोटा, राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछाने र राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले १८ असारको अभिव्यक्तिबारे प्रश्न उठाएका थिए । बाँस्कोटा र लिङ्देनले राजीनामाकै माग गरेका थिए । तर शीर्ष नेताहरूबीच सहमति जुटिसकेकाले प्रतिनिधिसभामा औपचारिकता मात्रै पुरा गरिएको थियो, प्रधानमन्त्रीले दिएको प्रष्टिकरणबारे कुनै विमर्श बिना संसद अवरोध हट्यो । बरू उल्टै प्रधानमन्त्री प्रचण्डले संसद अवरोधको औचित्यमाथि प्रश्न उठाएका थिए । त्यसबारे आवश्यक तर्क विपक्षीहरूबाट आएन । किनकि शीर्ष तहमा सहमति जुटिसकेकाले संसदमा भएको औपचारिकता केवल रेकर्डका निम्ति मात्रै थियो । त्यसअर्थमा आफ्नो अभिव्यक्तिको मनसाय गलत नभएको प्रष्टोक्ति दिएर प्रधानमन्त्री प्रचण्डले संसद अवरोध खुलाउन सफल भए ।

शीर्ष नेतृत्वमा कस्तो सहमति जुटेकाले प्रधानमन्त्रीको प्रष्टोक्तिकै आधारमा संसद अवरोध हट्यो भन्ने प्रष्ट हुनै बाँकी छ । तर तत्काललाई संसद अवरोध हट्नु र प्रधानमन्त्री प्रचण्ड आफ्नो आपत्तिजनक अभिव्यक्तिमा आत्मालोचित हुनु उपलब्धि हो । विवादास्पद अभिव्यक्तिबारे स्पष्टिकरण दिइरहँदा प्रधानमन्त्री प्रचण्डले आफूबाट भावनामा बहकेर गल्ती हुन पुगेको समेत बताएका थिए । तर यसपटक प्रधानमन्त्रीले जस्तो गल्ती गरेका छ न्, त्यो आत्मालोचनाले मेटिने प्रकृतिको छैन । किनकि यसअघि प्रधानमन्त्री प्रचण्डको 'कन्फर्टेबल सरकार' र बाबुराम भट्टराईको 'मुलुकको चाँबी अन्तै रहेछ' भन्ने अभिव्यक्ति जनमानसबाट हट्न सकेको छैन । सोमबारकै संसद् बैठकमा पनि यो विषय उठ्यो । अतः प्रधानमन्त्री प्रचण्डले मुलुकको सार्वभौमिकतामाथि प्रश्न उठ्नेगरी दिएको अभिव्यक्तिमा आत्मालोचित भएपनि यो विषयले राष्ट्रिय राजनीतिलाई दीर्घकालसम्म असर गरिरहने सहज अनुमान लगाउन सकिन्छ । त्यसैले आगामी दिनमा शीर्ष नेतृत्वले दिने अभिव्यक्तिमा सचेत हुन आवश्यक छ ।

# बजेट निर्माणमा पारदर्शिताको सवाल

अग्रलेख



● डा. दिबाकर वशिष्ठ



विगतको जस्तै स्रोत संकलनको सम्भावनालाई आकंलन नगरी लोकप्रियताको लागि बनाइएको आर्थिक नीति र बजेटको पारदर्शिताप्रति प्रश्न उठ्नु स्वभाविक छ । राजनीतिक अस्थिरता, न्युन आर्थिक वृद्धि, उच्च मूल्यवृद्धि, बढ्दो व्यापार घाटा र बढ्दो आन्तरिक तथा बाह्य ऋणको भार, न्युन विकास खर्च, उच्च साधारण खर्च, असफल कृषि नीति, बढ्दो बेरोजगारी, बौद्धिक वर्गको पलायन, भ्रष्टाचार र सुशासनको अभाव आदिले देशको आर्थिक विकास छायाँमा परेको छ । तसर्थ, वित्तीय स्रोत र साधनको समुचित परिचालन गरी देशको उत्पादकत्व बढाउन ढिला भइसकेको छ । उत्पादकत्व वृद्धिबाट मात्रै देशमा रोजगारी तथा आर्थिक विकासका परिसूचकहरुमा सकारात्मक प्रभाव पर्दछ ।

बजेट भनेको कुनै निश्चित अवधिको आय र व्यायको अनुमानलाई जनाउँदछ । यो एक आर्थिक वर्षको सरकारको नीति तथा कार्यक्रमको योजना हो । बजेट सरकारको आर्थिक योजना हो । बजेट तुरुन्तै कार्यान्वयन गर्नको लागि तयार पारिएको अल्पकालिन आर्थिक योजना र कार्यक्रमको विवरण पनि हो । बजेट सरकारको सामाजिक, आर्थिक र राजनीतिक दस्ताबेज हो । आर्थिक वर्ष २०८०/८१ को बजेट रु १७ खर्ब ५१ अर्ब निर्धारण गरिएको छ । कुल बजेटको १८ प्रतिशत आन्तरिक र बाह्य ऋणबाट परिपुर्ति गर्ने भनिएको छ । 'मेक इन नेपाल' र 'मेड इन नेपाल'को मुख्य उद्देश्य लिएर बनाइएको हालको बजेटप्रति विभिन्न क्षेत्रबाट असन्तुष्टिका स्वरहरु आइरहेको छ । एकातिर बजेटमा कर निर्धारणको विषयमा चलखेलको गन्ध आउँछ भने अर्कोतिर बजेटको निर्माण प्रक्रियामाथि नै आशंका देखिन्छ । सरकारले जे-जसरी जवाफ दिएको भएपनि बजेटका कार्यक्रममा सबैतिर प्रश्न छ ।

आज एकातिर बजेटमाथि प्रश्न उठेको छ भने अर्कोतिर खर्च र स्रोत संकलनको खाडल दिन दिनै बढ्नुले बाह्य र आन्तरिक ऋणभारले मुलुक कतै चेपुवामा पर्ने हो कि भन्ने चिन्ता जनमानसमा देखिन्छ । लक्ष्यअनुसार राजश्व संकलन गर्न नसकेको कारण बाह्य ऋण तथा अनुदानसमेत न्युन हुँदा सरकारी वित्तमा दबाब परेको देखिन्छ ।

व्यवसायीहरुको गुनासो छ, बजेट राजस्वमुखी र करमुखी भयो, जसले औद्योगिक क्षेत्रलाई पूर्ण वेवास्ता गऱ्यो । साना तथा मझौला उद्योगको प्रबर्द्धन गर्न नसकेको, निश्चित व्यापारिक र औद्योगिक घरानाको स्वार्थ अनुकुल रहेको जस्ता सरकारको विभेदकारी बजेट नीतिले अर्बौंको लगानी धरापमा पर्ने आकंलन उद्योगी व्यावसायीबाट आएको छ । अर्थतन्त्रको बाह्य समस्या त टऱ्यो भनिरहँदा राजस्व संकलनमा आएको न्युनता र बाह्य तथा आन्तरिक ऋण एवम् ओभरड्राफ्ट कर्जासमेत लिनसक्ने अवस्था आउनेतर्फ सरकार सजग रहनुपर्ने हुँदा आन्तरिक समस्या थप जटिल बन्नसक्छ भने अर्कोतर्फ करको दरहरुमा भएको वृद्धि र परिवर्तनले मूल्यवृद्धिलाई निमन्त्रणा गरेको देखिन्छ ।

नेपाल राष्ट्रबैंकका अनुसार गत वर्षको तुलनामा विभिन्न आर्थिक सूचकहरुमा सुधार आई विदेशी मुद्रा सञ्चिति बढेर ०८० जेठ मसान्तसम्म ११ अर्ब ३० करोड डलर पुगेको, सोधनान्तर स्थिति २ खर्ब २८ अर्ब बचतमा बिप्रेषण ११ खर्ब १२ अर्ब भित्रिएको अवस्था छ । तथापी, अर्थतन्त्रको स्रोत भरपर्दो नभएको हुँदा र विस्तारै आयात बढ्न थालेकोले अर्थतन्त्रको बाह्य क्षेत्रमा फेरि चाप नपर्ला भन्न सकिँदैन । हाल बाह्य क्षेत्रमा सुधार छ भने आन्तरिक अर्थतन्त्रमा अझै अपेक्षित सुधार हुन सकेको छैन । आयात कम भए पछि विदेशी मुद्राको सञ्चिती स्वत बढ्ने नै भयो यसमा खुसी भइहाल्नु पर्ने देखिँदैन । आयात १६ प्रतिशतले, निर्यात २२.७ प्रतिशतले र कुल वस्तु व्यापार घाटा १५.२ प्रतिशतले घटेको छ भनियता पनि निर्यात खुम्चिने र आयात थप वढ्न सक्ने लक्षणहरु देखिएको छ ।

*एकातिर बजेटमा कर निर्धारणको विषयमा चलखेलको गन्ध आउँछ भने अर्कोतिर बजेटको निर्माण प्रक्रियामाथि नै आशंका देखिन्छ । सरकारले जे-जसरी जवाफ दिएको भएपनि बजेटका कार्यक्रममा सबैतिर प्रश्न छन् ।*

देशको अर्थतन्त्रमा बैकिङ्ग क्षेत्रको ठूलो भूमिका हुन्छ । हाल बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ८.८ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा ३.४ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १२.२ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ३ प्रतिशत रहनुले कर्जा प्रवाहमा सिथिलता देखिएको हुँदा विकास आयोजनाहरु एवम् कृषि क्षेत्रलगायत प्रवाहित भएको स्पष्ट हुन्छ । बैक तथा वित्तीय संस्थामा रहेको निक्षेपको अंश चल्ती, बचत, मुद्दती र अन्यमा २०८० जेठ मसान्तसम्ममा क्रमशः ७.९ , २५.६, ५९.८ र ६.७ प्रतिशत रहेको देखिन्छ । मुद्धति खातामा निक्षेपको अंश एकातर्फ बढी छ भने अर्कोतर्फ दीर्घकालिन लगानी खुम्चिन जाँदा बैकिङ्ग क्षेत्र तथा समग्र अर्थतन्त्रको उत्पादकत्वमा यसले असर गर्दछ । उपरोक्त तथ्यांक हेर्दा, बैंक व्याजदर अझै अपेक्षितरूपमा घटेको छैन जसले कर्जा माग बढाउन सकेको छैन ।

वित्तीय स्थायित्व सुदृढीकरण गर्ने उद्देश्यले यस बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् कुल २५९ बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये १८५ संस्थाहरुको इजाजत खारेज हुन गई ७४ संस्था कायम भएका छन् । यसरी बैकिङ्ग क्षेत्रको पहुँच कमजोर भइरहेको बेलामा मर्जर र एक्विजीसनको नीतिले आर्थिक विकासमा वित्तीय पहुँचको अभावले थप जटिलता नआउला भन्न सकिदैन ।

वित्तीय पहुँचलाई हेर्दा, कुल ७५३ स्थानीय तहमध्ये २०८० वैशाखसम्म ७५२ तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका छन् । २०७९ वैशाखसम्म ७५० स्थानीय तहमा वाणिज्य बैंकहरुका शाखा विस्तार भएका थिए । यस बैंकबाट इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०८० वैशाख मसान्तमा ११९ रहेको छ । यसमध्ये २१ वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ६३ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक सञ्चालनमा रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०७९ असार मसान्तमा ११ हजार ५२८ रहेकोमा २०८० वैशाख मसान्तमा ११ हजार ५६९ पुगेको छ । तथापी बैकिङ्ग क्षेत्रको विस्तार भन्दा पनि यसको शाखा विस्तारले मात्र सर्वसाधरणमा बैंकिङ्ग सेवाको पहुँच थप सुदृढ भई आर्थिक विकासमा यथेष्ट योगदान पुग्दछ भन्नुमा सर्वसाधारणको विमति रहन सक्दछ ।

देशको आर्थिक विकासमा पुँजी संकलन गरी उल्लेखनीय योगदान पुऱ्याउने पुँजी बजारतर्फ हेर्दा शेयर बजारमा आएको गिरावटले अर्बौं पुँजीको लगानी संकटउन्मुख भएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांक हेर्दा २०८० चैतमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २५३ पुगेको छ । सूचीकृत कम्पनीहरुमध्ये १४३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ७२ जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ६ लगानी कम्पनी, ६ होटल, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन् । यस्तो अवस्थामा आर्थिक सुदृढिकरणको लागि र बजेट पारदर्शिताको लागि सरकारका सबै निकायबिच समन्वयको जरुरी छ । नारा, नीति, नियम र कानुनले मात्र आर्थिक विकास हुँदैन । यसको सही कार्यान्वयको लागि सबै राजनीतिक दल र कर्मचारी एक जुट हुनु अपरिहार्य देखिन्छ । अहिलेको आर्थिक विकासको प्रमुख चुनौति राजनीतिक अस्थिरता, न्युन आर्थिक वृद्धि, उच्च मूल्यवृद्धि, बढ्दो व्यापार घाटा र बढ्दो आन्तरिक तथा बाह्य ऋणको भार, न्युन विकास खर्च, उच्च साधरण खर्च, असफल कृषि नीति, बढ्दो बेरोजगारी, बौद्धिक वर्गको पलायन, भ्रष्टाचार र सुशासनको अभाव आदि हुन् । तर, यस्तोमा देशको आर्थिक सुदृढीकरण र पारदर्शिता छायाँमा परेकोप्रति कसैको बिमति नरहला ।

*(लेखक बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।)*

## सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

नेपालको संसद सार्वभौम भनेर जतिसुकै फुके पनि ओली, देउवा र प्रचण्डको लहडमा चल्ने हो भने संसद र सांसदहरूको औचित्य के ? प्रम प्रचण्डले आफैं लक्षित विवादास्पद अभिव्यक्ति दिएपछि कि त नैतिकताको आधारमा राजीनामा दिनु पर्थ्यो कि संसदमा गहन छलफल हुनु पर्थ्यो । संसदलाई तीन दलको बन्धक बनाउन पाइन्छ ?



**- निर्मल प्रसाईं**

मिटरब्याज पीडितलाई उधारो आश्वासन दिए, एउटा पुलिन्दा तयार गरे र मिति सकिने दिन संसदमा ल्याए, हुलदंगा गरेर फेल गराए । फेरि सयौं मिटरब्याज पीडित काठमाडौं आएका छन्, यसपटक उधारो आश्वासन होइन, संसदमा विधेयक पास गरेर फर्किनु पर्छ । किनकी मिटरब्याजीहरु सरकारमा छन्, दबाब नदिए पास गराउँदैनन् ।



**- रञ्जित तामाङ**

मीनबहादुर गुरुङ र किराना पसलेलाई लाग्ने कानुन उही हो । धनीलाई थोरै र गरिबलाई धेरै कानुन लाग्ने चलन संसारमा कहिँ छैन । तर पत्रकारितामार्फत गुरुङलाई थोरै कानुन लाग्नुपर्ने आशयको पैरवी हुन थालेछ । त्यसो हो भने गुरुङको छोरालाई बाहुनवादी राज्यले फसायो भनेर जनजातिहरूले आन्दोलन गर्ने ?



**- नवराज पन्त**

यो विश्वले कोइला, इन्धन र ग्यासको अत्याधिक दोहन गऱ्यो, पहिला पृथ्वीको भूमण्डल तात्यो, ठूला जहाजले पूरै बायुमण्डल तात्यो र अहिले पूरै समुन्द्रको जलमण्डल तात्यो ! तातो भूमण्डलले अग्नि प्रलय, तातो बायुमण्डलले बायु प्रलय र तातो जलमण्डलले जल प्रलय ल्याउँछ भन्ने हेक्का शासकलाई छैन ! दोहन किन ?

## तपाईंको राशिफल

मेष : जग्गा खरिद गर्ने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ ।

वृष : विशेष कामले यात्रा हुनसक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ ।

मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरुमा राम्रो लाभ हुनेछ ।

कर्कट : आहारमा ध्यान दिनुपर्ने समय छ । पेटसम्बन्धी समस्याको योग छ ।

सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ ।

कन्या : खर्चमाथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।

तुला : शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्च हुने योग छ ।


वृश्चिक : वाहन सावधानी जरुरी छ । राजनीतिक कार्य सफल हुनेछ ।

धनु : नयाँ काम बन्नेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।

मकर : प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ ।

कुम्भ : स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनेछ ।

मीन : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# नेपालको राजनीतिमा बाह्य प्रभाव

टिप्पणी



● जयप्रकाश गुप्ता

*प्रचण्डले किन बोले ? यस समयलाई किन रोजे यी सब कुराहरु आफ्नो ठाउँमा ठिक होला । तर प्रचण्डले वर्तमान नेपाली राजनीतिको वास्तविकतालाई उजागर गरेका छन् । बोलीको अर्थ जे लागे पनि, मुलुकको शान तथा सम्मानमा जस्तो ठेस लागेको भनिए पनि समसामयिक नेपालको सत्य प्रचण्डले बोलेका हुन् ।*

नेपालका नेताहरू, खासगरी प्रधानमन्त्री भएकाहरू सबै 'दिल्ली परस्त' रहेका देखिन्छन् । शासनसँग सम्बन्धित अपवादका बाहेक लगभग हरेक निर्णयमा दिल्लीको हस्तक्षेप रहेको छ वा यहाँका नेताहरूले दिल्लीको हस्तक्षेपलाई आमन्त्रण दिएका छन् । गिरिजाप्रसाद कोइरालालाई पहिलो राष्ट्रपति बन्न नदिनु आफूबाट भएको ठूलो गल्ती थियो भनेर यता प्रचण्डले बारम्बार भनिरहेका छन् । त्यस बखत उनी राष्ट्रपतिका दाबेदार थिएनन् । कार्यकारी राष्ट्रपति नहुने भएपछि प्रचण्डको दाबी रहेन । तापनि प्रचण्डले कसको दबाबमा गिरिजाप्रसादलाई राष्ट्रपतिमा स्वीकारेनन् ? अब कुनै दिन उनले अवश्य पनि भन्ने छन् ।

रामराजाप्रसाद सिंहलाई जोडबलले राष्ट्रपति हुन दिइएन । माओवादी, मधेसी जनअधिकार फोरम, तमलोपा गरी उनको पक्षमा स्पष्ट बहुमत थियो । रामराजाप्रसादको पक्षमा मतदान गर्नु उपेन्द्र यादवको नैतिक दायित्व र कर्तव्य पनि थियो । दायित्व यस कारणले कि फोरम र माओवादीका बीच समझदारी थियो । कर्तव्य यसकारणले कि उनी मधेसी थिए र उपेन्द्रका प्रति उनको ठूलो योगदान थियो । यसका बावजुद अचानक, मतदानभन्दा केही घण्टाअघि उपेन्द्रले तम्बु परिवर्तन गरी डा. रामवरण यादवलाई राष्ट्रपति बनाउन कांग्रेस-एमालेका साथ गए । कसले र कुन शक्तिले यो दिशा परिवर्तन गरायो ?

प्रचण्डको प्रधानमन्त्रीत्वमा नेपाली सेनाको प्रधानसेनापतिलाई हटाउने निर्णय भयो । प्रचण्ड सरकारको त्यस निर्णयका विरूद्ध तत्कालिन सत्ता गठबन्धनका सहभागी एमाले, कांग्रेस सबैको संयुक्त विज्ञप्ति निस्कियो । राष्ट्रपतिसमक्ष संयुक्त निवेदन दिइयो । मधेसी जनअधिकार फोरमले हस्ताक्षर नगर्नु उसको लागि वीष भयो । त्यसबेला एक दुतावासको खुला सक्रियताको आज किन चर्चा हुँदैन ? त्यसबारे दुतावासले निकालेको प्रेस नोटको आज चर्चा गरिँदैन ।

प्रचण्डले प्रमबाट राजिनामा दिए, नयाँ सरकार बन्ने भयो । कांग्रेसको समर्थन एमालेका माधव कुमार नेपाललाई भयो । तथापि बहुमत पुगेन । प्रधानसेनापति प्रकरणमा हस्ताक्षर नगरेर वीष बनेको मधेसी जनअधिकार फोरम विभाजित भयो । विजय गच्छदार ५३ मध्ये २५ जना सांसद लिएर माधव नेपालको सरकारमा सहभागी भए । अरू मधेसी दलपनि टुक्रिए । भलै आज उपेन्द्र यादवले मौन व्रत राखेको होस् तर त्यसखेर त्यस विभाजनका लागि उनले भारतलाई दोष दिए । फोरमको त्यो विभाजन अनि छिमेकीको सक्रियता त्यसबेला एमाले-कांग्रेस सबैका लागि लाभकारी थियो ।

दोस्रो संविधान सभाको निर्वाचनपूर्व, दोस्रो संविधान सभाले स्वामित्व लिनुपर्ने आधारभूत विषयहरूमा सहमति बनाउनका लागि उपत्यकाको 'हाथीबन रेसोर्ट'मा भएको सर्वदलीय सहमतिमा हस्ताक्षर हुँदाका बखत एक जना राजदूतको उपस्थितिबारे आज कोही बोल्दैनन् । तर, त्यसको भोलिपल्ट निस्केका अखबारहरूमा समाचार त आयो नै । त्यही बैठकमा महन्थ ठाकुर आँशू पिएर हस्ताक्षर गरेको पनि समाचार आयो । यी सबै मधुप्रिय हस्तक्षेपहरू थिए, जसको सम्झना आज सान्दर्भिक रहेन ।

लोकमान सिंह कार्की कसरी अख्तियारका प्रमुख भए ? कुन शक्ति थियो जसको जोडबलले लोकमानसिंह कार्कीको नाममा सहमति बन्यो । प्रचण्ड प्रमको रूपमा रहेकै बेला उनै लोकमानले हथकडीका साथ बिमानस्थलमा उनलाई पर्खिने तारतम्य त लोकमानले मिलाएकै थिए । यो भिन्नै कुरो हो कि आफ्नो नियुक्तिको उपादेयता साबित गर्न नपाउँदै उनी फसादमा परे । खिलराज रेग्मी कसरी सरकार प्रमुख हुन पुगे ? वि.सं. २००७-०१५ को कालखण्डपछि यो पहिलो अवसर थियो, जतिखेर राजनीतिक बिमतिको नाममा खिलराज रेग्मी जस्ता व्यक्तिलाई मुलुकको सरकार प्रमुख बनाइएको होस् । कसको हस्तक्षेप र कस्तो परिस्थिति थियो त्यो ? त्यसबेलाका राष्ट्रपति डा. रामबरण यादवले खिलराजलाई सरकार प्रमुख बनाउनु परेको बाध्यता आफ्नो कार्यकालको सबैभन्दा अपमानजनक काम बताएको कुराले नेपाली राजनीतिको लज्जाजनक पक्षलाई जनाइरहनेछ ।

यी त यताका समयका केही घटनाहरू हुन् । सुशील कोइरालालाई किन प्रधानमन्त्री हुन दिइएन र पछि कसरी प्रधामनमन्त्री भए । ओली तथा शेरबहादुर आदि सबै । यसको लामो फेहरिस्त हुन्छ । सरकार प्रमुख हुनु, कांग्रेस-एमालेका सभापति तथा अध्यक्ष हुनु, निर्वाचनमा छिमेकी मुलुकहरूसँग रुपैयाँ पैसा संशाधनहरू लिनु त सामान्य कुरा हो । यसमा के राजनीतिक दल, के राजा सब समान रहेका छन् । ज्ञानेन्द्र शाहको लागि रविन्द्र मिश्रले 'प्रिन्ट'मार्फत भारतलाई निवेदन त दिएको हो नि ! एक समय भारतमा आश्रय लिएका माओवादीले प्रोफेसर एस डी मुनीमार्फत भारत सरकारलाई दिएको निवेदनभन्दा लगातार ज्ञानेन्द्र शाहको लखनऊ यात्रा र रबिन्द्रको 'प्रिन्ट'मा छापिएको निवेदन-कुन अर्थमा फरक छ ?

अहिले प्रचण्डले नयाँ कुराबाट राजनीतिलाई तरंगित पारेका छन् । उनको बोलीको अर्थ जे लागे पनि, मुलुकको शान तथा सम्मानमा जस्तो ठेस लागेको भनिए पनि समसामयिक नेपालको सत्य प्रचण्डले बोलेका हुन् । उनले किन बोले ? यस समयलाई किन रोजे यी सब कुराहरू आफ्नो ठाउँमा ठिक होला । तर, प्रचण्डले वर्तमान नेपाली राजनीतिको वास्तविकतालाई उजागर गरेका छन् ।

# ‘जनतालाई छिटो छरितोरुपमा न्याय दिनुपर्छ’

प्रेमचन्द्र झा/मध्यान्ह
रौतहट, २५ असार

जिल्ला अदालत रौतहटका न्यायाधीश मातृकाप्रसाद मरासिनीले न्याय दिन कानून नै पढ्नुपर्ने जरुरी नरहेको बताएका छन् । मुख्य न्यायाधिवक्ताको कार्यालय मधेश प्रदेश जनकपुरधामद्वारा गौरमा आयोजित संवाद कार्यक्रममा बोल्दै न्यायाधीश मरासिनीले जनतालाई छिटो छरितो बिना झन्झट न्याय दिनुपर्ने बताए । मधेश प्रदेशका मुख्य न्यायाधिवक्ता विरेन्द्र कुमार ठाकुरको अध्यक्षतामा भएको संवादमा जिल्ला समन्वय समितिका प्रमुख रामअयोध्या राय यादव, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र, प्रहरी उपरीक्षक वीर बहादुर बुढामगरले न्याय सम्पादनमा भएको कमि कमजोरीबारे आ-आफ्ना धारणा राखेका थिए । सो संवादमा जिल्ला अदालतका श्रेस्तेदार सुशील कुमार यादव, बार एशोसिएशन रौतहटका अध्यक्ष नन्दकिशोर साह, नागरिक समाजका अध्यक्ष जगन्नाथ प्रसाद केसरी र पत्रकार प्रभात कुमार झाले दिनानुदिन न्यायापालिकाप्रति जनविश्वास घट्दै गएको बताएका थिए । कार्यक्रममा मुख्य न्यायाधिवक्ता ठाकुरले भने, ‘पीडितलाई न्याय दिन न्यायालयको स्थापना भएको हो । पिडकलाई न्याय दिनलाई अदालतको स्थापना भएको होइन ।’




उनले समाजको हरेक पीडितले न्याय पाउनुपर्ने भन्दै न्यायकर्तालाई भूगोलको पीडा बुझेर काम गर्नेले पक्कै न्याय दिने बताए । उनले भने, ‘नगर उपप्रमुखको जिम्मेवारी पनि न्यायाधिश जस्तै हो । समस्याको सामाधान हामी भित्रै छ । नटकमको होइन डटकमको जमाना छ । डटकमबाटै समाधान खोज्नुपर्छ ।’

# ट्राफिक सप्ताह कार्यक्रम सम्पन्न

मध्यान्ह संवाददाता
उदयपुर, २५ असार

कोशी प्रदेशअन्तर्गत १९ गतेदेखि उदयपुरमा सञ्चालन भएको ट्राफिक सप्ताह कार्यक्रम सोमबार गाईघाटमा विविध कार्यक्रम गरी सम्पन्न भएको छ । जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला ट्राफिक प्रहरी कार्यालयको समन्वयमा भएको ट्राफिक सप्ताह कार्यक्रम विशेषगरी अन्य जिल्लासँग नाका जोडिएका लाल्पत्ता, जल्जले, रामपुरठोक्सिला, कटारी र गाईघाटमा गरिएको थियो । कार्यक्रम जिल्लाको शान्ति सुरक्षा, सडक दुर्घटना न्यूनीकरण, हातहतियार, लागुऔषध ओसार पसार, कर छली, चोरी निकासी नियन्त्रणलगायत उद्देश्यले सञ्चालन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी वरिष्ठ नायव निरीक्षक लोकबहादुर दियालीले बताए ।

कार्यक्रममा लागुऔषध प्रयोगकर्ताको किट तथा ल्याबको माध्ययमबाट स्वास्थ्य परीक्षण, मोटरसाइकल, कार तथा बसको ब्लुबुक, मादक पदार्थ सेवन गरे या नगरेको चेकजाँच गरिएको थियो । दियालीले चालक तथा विद्यार्थीलाई ट्राफिक शिक्षा, तालिम र ट्राफिक नियमसम्बन्धी सचेतना दिइएको बताए । लाल्पत्ता उदयपुर आवतजावत गर्ने सप्तरी र सिरहा जिल्लाको विशेष मुख्य नाका हो । बाहिरबाट लागुऔषध ओसारपसार र प्रयोगकर्ता बढी यो बाटो हिँड्ने गरेको हुँदा विशेष निगरानीमा पकाउ गर्ने गरिएको लाल्पत्ता चौकी प्रमुख इन्चार्ज असई रोशन निरौलाले जानकारी दिए । उनले प्रमाण र तथ्यको आधारमा लागुऔषध ओसार पसारकर्ताको साथबाट नाइट्रोभेट, कोरेक्स, वुप्रीनोफिन लागुऔषध बढी भेटिएको बताए । लागुऔषध ओसार पसारकर्ताभन्दा बढी प्रयोगकर्तालाई पत्राउ गरिएको उनको भनाइ थियो ।

कार्यक्रममा उदयपुरका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले ट्राफिक सप्ताहजस्ता कार्यक्रमले जिल्लाभित्र हुन सक्ने सुरक्षा खतरा, विभिन्न किसिमका लागुऔषध तथा अवैध हातहतियार ओसारपसारजस्ता आपराधिक कार्य नियन्त्रण गर्न मद्दत पुग्ने र जिल्लामा शान्ति सुरक्षा कायम हुने बताए । यस्तै त्रियुगा नगरपालिका वडा नं ६ लाल्पत्ताका वडा अध्यक्ष योगेन्द्र दाहालले कडाइका साथ ट्राफिक नियमसम्बन्धी कार्यक्रम लागू गर्नुपर्ने तथा छुट्टै पोस्ट स्थापना र सडकमा सीसी क्यामेरा जोड्नुपर्ने बताए ।

जिल्ला प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक ज्ञानेन्द्र फुयालले यस किसिमका ट्राफिक सप्ताह कार्यक्रमले सडक दुर्घटना न्यूनीकरण, अपराध नियन्त्रण, लागुऔषध ओसारपसार तथा बाह्य अपराध नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्ने बताए ।

# आचरणविरुद्ध हिंड्ने प्रहरीलाई कारबाही हुन्छः डीएसपी लामिछाने



लक्ष्मण यादव/मध्यान्ह
सर्लाही, २५ असार

इलाका प्रहरी कार्यालय बरहथवाका प्रहरी नायव उपरीक्षक (डीएसपी) लिलाराज लामिछानेले आचरणविरुद्ध हिँड्ने प्रहरीलाई कारबाही गर्ने बताएका छन् । आइतबार पत्रकार भेटघाट गर्दै उनले प्रहरीभित्र आन्तरिक शुद्धीकरण पहिलो प्राथमिकता हुने बताउँदै आचरणविरुद्ध हिँड्ने प्रहरीलाई कारबाही गर्ने बताएका हुन् । उनले बरहथवा क्षेत्रको शान्ति सुरक्षा कायम गर्न कानूनको कठोर कार्यान्वयन गर्ने बताए । इलाका प्रहरी कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई छिटोछरितो सेवा उपलब्ध गराउने बताउँदै उनले असल नियत राखेर काम गर्ने जिकिर गरेका छन् ।

डीएसपी मकेन्द्रकुमार मिश्रको सरुवा भएपछि डीएसपी लिलाराज लामिछाने नयाँ इन्चार्जको रुपमा काज सरुवा भइ यहाँ आएका हुन् । जिल्ला प्रहरी कार्यालय गोरखामा रहेका लामिछानेलाई यहाँ पठाई बरहथवाबाट डीएसपी मकेन्द्रकुमार मिश्रलाई पोखरास्थित नेपाल प्रहरीको गणमा पठाइएको छ ।

# विद्युत समस्या समाधानको माग गर्दै रास्वपाले बुझायो ज्ञापनपत्र

प्रदिप ज्ञवाली/मध्यान्ह
सैनामैना, २५ असार

विद्युत समस्या समाधानको माग गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सैनामैनाले ज्ञापनपत्र बुझाएको छ । विद्युतमा देखिएको समस्या समाधानको माग गर्दै रास्वपा सैनामैनाले परोंहा फ्युजन केन्द्रमा ज्ञापनपत्र बुझाएको हो । रास्वपाले विद्युत प्राधिकरणले सैनामैना नगरपालिका भरी केही समयदेखि विना सूचना रात दिन जुनसुकै समयमा अनियमित रुपमा विद्युत कटौती गरेको, जसका कारण सैनामैनाबासी, उद्योगी व्यवसायी, अस्पताल, विद्यालय, क्याम्पस, किसान, मजदुर लगायतको जनजीवन प्रभावित भएको र अत्यावस्यक वस्तु तथा सेवा समेत प्रभावित भएको भन्दै तत्काल समस्या समाधानको लागि माग गरेको छ ।

रास्वपा सैनामैना नगर समितिका संयोजक राजबहादुर क्षेत्र र सचिव लक्ष्मण पौडेलद्वारा हस्ताक्षरित ज्ञापनपत्र सैनामैना नगरपालिका, नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय बुटवललाई समेत बोधार्थ दिइएको रास्वपा रुपन्देही क्षेत्र नं. २ का संयोजक रमेश लम्सालले बताए । रास्वपा रुपन्देही क्षेत्र नं २ का क्षेत्रीय सदस्य शोभा खत्री, वडा संयोजक दामोदर खत्री, सैनामैना १ का वडा सभापति एकबहादुर क्षेत्री, २ का नविन रेग्मी, ४ का एलबी रावल, ६ का सोनु पाण्डे, ७ का राजन भट्टराई (शर्मा), १० का नवराज पाण्डे तथा पार्टी सदस्यहरु समेतको उपस्थितिमा उक्त ज्ञापन पत्र बुझाइएको थियो ।


## साउदीमा रोजगार
कम्पनी : MAZAYA MANUFACTURING COMPANY FOR ALUMINUM
पूर्व स्वीकृत मितिः २०८०/०३/२५ | चलानी नं.: ६०२०४४१६ | LT. No.: 289114 | शहरः RIYADH

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Labour | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

सोसियल इम्प्लाइमेन्ट सर्भिसेज प्रा. लि.
धुम्बाराही, काठमाडौं, नेपाल, फोन : ०१-४५२७०५८
श्रम इजाजत नं.: ६७८/०६३/०६४
Email : info@sesnepal.com, gsesnepal@gmail.com, Website. www.sesnepal.com

## कतारमा रोजगार
कम्पनीः ROYAL TEAM TRADING AND CONTRACTING W.L.L | शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८०/०२/१९ | चलानी नं.: ६०२०२४३९ | LT. No.287083 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Brick Mason | 5 | 0 | | 1200 | ४३५०० | | | | | | |
| 3. | Electric Tech. | 2 | 0 | | 3500 | १२६८७५ | | | | | | |
| 4. | Mason | 5 | 0 | | 1200 | ४३५०० | | | | | | |

२. कम्पनीः POKHARA CONT CLEANING AND HOSPITALITY | शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८०/०२/११ | चलानी नं.: ६०२०१९७८ | LT. No. 286557 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1100 | ३९८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Mason | 3 | 0 | | 1100 | ३९८७५ | | | | | | |
| 3. | Driver | 1 | 0 | | 1400 | ५०७५० | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

Pokhara Recruitment (P.) Ltd.
Samakhusi Townplanning, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075 Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851152243 (Whats App Message Only No calls)
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

## कतारमा रोजगारको अवसर
कम्पनी : CANDIAN TRADING CONSTRACTING | शहर : DOHA
पूर्व स्वीकृत मितिः २०७९/०४/१७ | चलानी नं.: ६०१८४४१५ | L.T. No.: 268536 | पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 1 | 0 | स. काममा दक्ष | 1100 | ३९,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

Fusion International Pvt Ltd
Panchakumari Marga, New BaneshworKathmandu, Nepal
Tel 01-4465326 | Email: info@fusionintlpvt.com
Website:www.fusionintlpvt.com
Gov Lisence No: 283/058/059

## मलेसियामा रोजगार
कम्पनी : CHEE KHEE INDUSTRIES SDN. BERHAD | शहरः KERAMAT PULAI
पूर्व स्वीकृत मितिः २०७९/०५/३० | चलानी नं.: ६०१८७७३३ | LT. No.: 272000 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Operator | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छैन | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० साउन २ र ३ गते (18 & 19 July 2023) मा हुनेछ ।

मदिना इन्टरनेशनल सर्भिसेज प्रा. लि.
सानेपा हाइट-०३, ठाडो ढुंगा चोक, ललितपुर, फोनः ०१-५५२९८५५, मोः ९८५१००५०८५
श्रम इजाजत नं. ७४७/०६४/०६५
E-mail: madinaintl@gmail.com , Website: www.madinaint.com.np

## मलेसियामा रोजगार
कम्पनी : FASTROLL LABELS (M) SDN.BHD. | शहरः SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/१२/३० | चलानी नं.: ६०२००१०५ | LT. No.: 284753 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

निम्बस ह्युमन रिसोर्स प्रा. लि.
श्रम ईजाजत न.: ७५४/०६४/०६५
जि.पि.ओ. ब.नं. २६३१७, सामाखुसी-२६, काठमाण्डौ, नेपाल, फ्याक्स : ४३५७१९५
फोनः ४३८०४९९, ४३८०५०४, Email : info@nimbushr.com

## MALAYSIA मा रोजगारको अवसर
कम्पनीः ENFORCE SECURITY SERVICES (M) SDN. BHD. | शहर : KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७९/०९/२८ | चलानी नं.: ६०१९४९२१ | L.T. No.:279200 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 11 | 0 | स. काममा दक्ष | 1500 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

Mashareq International Overseas (P) Ltd.
Govt. Lic No. 415/060/61
सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१- ४४९९७६३, ४४७८३३५

## मलेसिया र साउदीमा रोजगारको अवसर
१. कम्पनीः MERANTI G FORCE SDN. BHD. | शहरः PUTRAJAYA
पूर्व स्वीकृत मितिः २०८०/०३/२५ | चलानी नं.: ६०२०४३९६ | LT. No.:289092

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः CONTRACTING COMPANY, ONE PERSON COMPANY | शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०३/२५ | चलानी नं.: ६०२४३९७ | LT. No.: 289093

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | office and facility cleaning labor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, रिङ्गरोड बसुन्धारा-३, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३,
Mobile: 9806930601,9841996571,9841996572,9841996573
Email : Info@trivenioverseas.com, trivenioverseas.nepal@gmail.com Web:www.trivenioverseas.com

## मलेसियामा रोजगार
कम्पनीः GEN MASTER MANUFACTURING SDN. BHD. | शहरः Malaysia, PERAK
पूर्व स्वीकृत मितिः २०७९/१०/२९ | चलानी नं.: ६०१९६४३७ | LT. No.: 280961 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 3 | 0 | स. काममा दक्ष | 1500 | ४२४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

Topaz International Pvt. Ltd.
Gayatri Bhawan, 3rd Floor, Maitidevi,Gyaneshwor, Kathmandu. Nepal.
Tel.: +977– 014512650

## साउदीमा वैदेशिक रोजगारको अवसर
१. कम्पनीः Mohammed Theeb Shaflot Factory for Ready Mix Concrete and Cement Products | शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०३/११ | चलानी नं.: ६०२०३७५७ | LT. No.:288525 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cement Mixer Driver | 1 | 0 | | 1800 | ६३३७८ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा मिति २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

Synnet International Pvt.ltd.
Kupondol-10, Lalitpur, Tel: 01-5545018
Gov. Lic No. 206/057/058

## मलेसियामा रोजगार
कम्पनी : KPD SECURITY SERVICES SDN BHD | शहरः KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०८०/०१/०६ | चलानी नं.:६०२००३९७ | LT. No.: 284981 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 1 | 0 | स. काममा दक्ष | 1500 | ४२,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

नाशा ह्यूमन रिसोर्स प्रा. लि.
श्रम इजाजत पत्र नं.: ८३१/०६६/०६७
महाराजगंज, चक्रपथ-३, काठमाडौं, फोनः ०१- ४३७९६७७

## साउदीमा रोजगार
कम्पनी :PROFESSIONAL SPORTS LINE CENTER | शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०८०/०३/२४ | चलानी नं.: ६०२०४४२९ | LT. No.: 289062

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

NEW ALFA H.R. SERVICES PVT. LTD.
श्रम इजाजत पत्र नं.: १०९०/०७३/०७४
Maharajgung-3, Kathmandu | Tel:9829069388,9851316392, 01-4721183, 01-4721184
E-mail: newalfahrs@gmail.com | Web.: www.newalfahrs.com

## KUWAIT मा वैदेशिक रोजगारको अवसर
कम्पनीः VIA COMPANY FOR CLOTHES AND LUXURIES | शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०३/२५ | चलानी नं.: ६०२०४४३९ | LT. No.: 289152

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Gir | 0 | 5 | स. काममा दक्ष | 130 | ५५,९५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

२. कम्पनीः TORNADO CO DELIVER CONSUMER ORDERS | शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८०/०३/२५ | चलानी नं.: ६०२०४४३८ | LT. No.: 289154

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 20 | 0 | स. काममा दक्ष | 135 | ५८,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २ गते (18 July 2023) मा हुनेछ ।

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Govt Lic. NO. 647/063/064

मध्यान्ह
www.madhyanhadaily.com
२६ असार २०८०, मंगलबार
11 July 2023, Tuesday

### साक्षर पालिका घोषणा गर्ने होडबाजी

# बजेट पचाउन कागजी साक्षर घोषणा !

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २५ असार



साक्षर जिल्ला घोषणा हुन बाँकी रहेका मधेश प्रदेशका आठ जिल्लामध्ये सप्तरीका स्थानीय तहहरुमा साक्षर पालिका घोषणा गर्ने होडबाजी नै चलेको छ। बोदे बर्साइन नगरपालिकाका सबै वडा साक्षर भइसकेपछि असार १८ गते भव्य समारोहका बीच साक्षर नगर घोषणा भयो। अब यस्तै होडबाजी सप्तरीका स्थानीय तहमा देखिएको छ। प्राप्त जानकारीअनुसार सुरुङ्गा नगरपालिकासमेत साक्षर नगर घोषणा गर्ने निर्णयमा पुगेको छ। अब चाँडै नै सो नगरपालिकाले एक भव्य समारोह आयोजना गरेर साक्षर नगर घोषणा गर्ने तयारी गरेको छ।

साक्षर नेपालको अवधारणाबमोजिम सप्तरी जिल्लामा सघन कक्षा सञ्चालन गर्नुपर्ने आवश्यकताबीच सप्तरीको बोदेबर्साइन नगरपालिकालाई एक गैरसरकारी संस्थाले साक्षर नगर घोषणा गरेको हो। छिन्नमस्ता विकास सेवा नामक संस्थाले गरेको कक्षा सञ्चालन र आसमान नेपालको अनुगमनमा सो नगर साक्षर नगर भएको हो। मधेश प्रदेशकै पहिलो स्थानीय तहको रुपमा बोदे बर्साइन साक्षर नगर घोषणा भएको हो।

१५ वर्ष र सोभन्दा माथि उमेर समूहका निरक्षरहरुलाई अनौपचारिक शिक्षाको माध्यमले साक्षर बनाउने नेपाल सरकारको नीति रहेको छ। वि.स २०७१ देखि साक्षर नेपाल अभियान सञ्चालन गरिएकोमा २०७६ सम्ममा साक्षर नेपालको लक्ष्य पूरा गरिसक्नुपर्ने थियो। तर हालसम्म ७७ मध्ये ३३ जिल्ला मात्र साक्षर घोषणा भएका छन्।

नगरपालिकाको उक्त निर्णयलाई दुई कोणबाट हेरिएको छ। एकातर्फ मधेश प्रदेशकै पहिलो जिल्ला अन्तर्गत उक्त नगरपालिका साक्षर नगर घोषणा भएकोमा वाहवाही बटुल्न र अर्कोतर्फ साक्षर नेपाल अभियानका नाममा एनजीओ पोस्न कागजमा सीमित साक्षर नगर घोषणा गरिएको टिप्पणी हुँदैछ।

१५ वर्ष र सो भन्दामाथि उमेरका ९५ प्रतिशत निरक्षरलाई साक्षर बनाइएको अवस्थामा साक्षर भएको मानिने छ। अभियानको यस्तो अवधारणा हुँदाहुँदै छिन्नमस्ता विकास सेवाले दुई वर्षमा उक्त नगरको साक्षरता दरलाई ६८ प्रतिशतबाट ९५ प्रतिशत पूरा गरेको देखाइएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार बोदे बर्साइन नगरपालिकाको साक्षरता दर ६८ प्रतिशत रहेको छ। छिन्नमस्ता विकास सेवाले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा मानव स्रोत विकास केन्द्रको आर्थिक सहयोगमा दुई वर्षभित्र उक्त लक्ष्य हासिल गरेको हो।

एक सयदेखि दुई सय घण्टासम्म कक्षा सञ्चालन गर्नुपर्ने सरकारको स्पष्ट प्रावधान रहेको छ। हप्ताको ६ दिन, प्रतिदिन दुई घण्टाका दरले यो अवधि करिब चार महिनाको हो। सप्तरी जिल्ला समूह 'घ'अन्तर्गत सघन कक्षा सञ्चालन गर्नुपर्ने जिल्लामा पर्दछ। यस अवधिमा सिकाइबाट निरक्षरहरु राष्ट्रभाषा र मातृभाषाको वर्ण/अक्षर चिन्न सक्ने योग्य बन्छन्। सो अवधिमा आफ्नो परिवारको सदस्यको नाम, उमेर लेख्न र पढ्न सक्ने, मोबाइल र क्यालकुलेटरको अंक र अक्षर प्रयोग गर्न सक्ने, घडी हेरेर समय बताउन सक्ने, भित्तेपात्रो हेरेर तिथि मिति बताउन सक्ने र हस्ताक्षर गर्न सक्नेजस्ता आधारभूत सिकाइका उपलब्धि हासिल गराइन्छ।

**सघन कक्षा नै सञ्चालन नगरिएको दाबी**

तर कागजमा साक्षर स्थानीय तह घोषणा गर्ने नियतले बजेट पचाउन हतारहतार गरिएकाले उक्त नगरपालिकाको सिकाइ प्रभावकारी नभएको स्थानीयहरुले गुनासो गरेका छन्। नेकपा एमालेको चुनाव चिह्न लिएर बोदे बर्साइन नगर प्रमुखमा चुनावमा लडेका अनुज कुमार यादवले वडास्तरमा सिकाइ कक्षा प्रभावकारीरुपमा सञ्चालन नै नगरी नगरपालिकाले कागजमा साक्षर घोषणा गरेको दाबी गरेका छन्।

'कुनै वडामा नियमितरुपमा निरक्षरका लागी सघन कक्षा नै सञ्जालन गरिएको छैन। वडास्तरमा १५ वर्षदेखि ६० वर्ष उमेर समूहका निरक्षरहरुको सिकाइ नै प्रभावकारी नरहेको अवस्था छ। नगरपालिकाले गैरसरकारी संस्थाको मिलेमतोमा अभियान सफल पारेको प्रचारवाजीले हामीले परिकल्पना गरेको साक्षर नगरपालिका हुन सकेन,' उनले भने। राष्ट्रिय जनगणना २०७८ अनुसार ६८ प्रतिशत जनसंख्या साक्षर रहेको छ। सो पालिकाको कुल जनसंख्या ४६ हजार १७ जना रहेको छ। २०७८ सालमा सञ्चालित साक्षरता कार्यक्रमबमोजिम संकलित गुगल फारमका आधारमा ९ हजार ७ सय २२ घरधुरीमा न्यूनतम साक्षरताको १२ वटा मापदण्डका आधारमा नगरपालिकाको कुल जनसंख्याको आवधिक तथ्यांकअनुसार सात हजार पाँच सय सात जना निरक्षर रहेका थिए। आर्थिक वर्ष २०७९/२०८० अन्तर्गत प्रस्तावना मागबमोजिम संघीय शिक्षा मन्त्रालयको सहयोगमा छिन्नमस्ता विकास सेवाले गरेको कार्यक्रम सञ्चालन तथा आसमान नेपालको अनुगमनमा ४.७५ प्रतिशत अथार्त दुई हजार एक सय ९५ जना अझै साक्षर हुन बाँकी रहेको पाइएको थियो। साक्षर नेपालको अवधारणाबमोजिम ९५ प्रतिशत साक्षरता दर हासिल गरेको देखाएर साक्षर नगरपालिका घोषणा गर्ने गरिएको छ। संघीय सरकारले साक्षर अभियानका लागि प्रतिनिरक्षर दुई हजारका दरले बजेट विनियोजन गरेको छ।

# जैसीले तोडे अनशन



**काठमाडौं/मस**–कोखामा प्रहरीको गोली लागि घाइते भएका वीरेन्द्र जैसीले अनसन तोडेका छन्।

२०७३ साल फागुन १ गते घाइते भएका जैसी उपचार तथा क्षतिपूर्तिको माग गर्दै तीन हप्तादेखि अनशनरत बस्दै आएका थिए। उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले सोमबार वीरेन्द्र जैसीको अनशन तोडाएका हुन्।

वन तस्करी नियन्त्रण गर्ने क्रममा प्रहरीलाई सहयोग गर्न गएका कैलालीका स्थानीय युवा जैसीलाई प्रहरीकै गोली लागेको थियो। हालसम्म उपचारको एक लाख ९१ हजार खर्च सरकारले बेहोरेको छ। माइतीघरमा अनशन बस्दाबस्दै स्वास्थ्य अवस्था थप जटिल भएपछि सहयोगीहरूले उनलाई वीर अस्पतालमा भर्ना गरेका थिए। अनशन तोडाउँदै उपप्रधानमन्त्री श्रेष्ठले उनको अबको उपचारको जिम्मा सरकारले लिने, हालसम्मको उपचार खर्च बेहोर्ने र कुनै उपयुक्त रोजगारी समेतको व्यवस्था गरिदिने वचन दिए।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७९/०५/०५ मा दर्ता भएको **प्रा.लि. नं. २९६८७५/०७९/०८०** को **हनुमान वहुआयामिक कृषि तथा पशुपंक्षी फार्म प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७६/०९/०६ मा दर्ता भएको **प्रा.लि. नं. २३०८६९/०७६/०७७** को **जे.डि.बि.इन्जिनियरिङ्ग एण्ड आई.टि.सोलुसन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०७९/१०/२४ मा दर्ता भएको **प्रा.लि. नं. ३०६७४५/०७९/०८०** को **नौकुण्ड ट्रेड एण्ड सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**
यस कार्यालयमा मिति २०६५/०५/१३ मा दर्ता भएको **प्रा.लि. नं. ५५७२७/०६५/०६६** को **सन साइन मल्टिपल ट्रेनिङ्ग प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/२५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



नेपाल सरकार
श्रम तथा रोजगार मन्त्रालय
वैदेशिक रोजगार विभागको
(अनुसन्धान तथा मुद्दा शाखा) ताहाचाल, काठमाडौं, नेपालको
**७ दिने सूचना**

